म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १४२ बुधबार, २३ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 7 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रानी वनद्वारा वार्षिकोत्सवको अवसरमा मामाघरलाई खाद्यान्न

हेटौंडा, २२ पुस/हेटौंडा-६ चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहले वार्षिकोत्सवको अवसरमा खाद्यान्न सहयोग गरेको छ ।

समूहको ३२ औ वार्षिकोत्सवको अवसरमा हेटौंडा-११ मा रहेको मामाघर नेपाल मकवानपुरलाई खाद्यान्न सहयोग गरेको हो । वन समूहका अध्यक्ष केशव धितालले मामाघर नेपालका वार्डेन नवीन सिलवाललाई तेल, पिठो, दाल, मसला, साबुन, मन्जन, बेसार, चिउरा, आलु, काउली, गोलभेडा लगायत खाद्यान्न हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा वन समूहका पदाधिकारी, सदस्य, कर्मचारी, मामाघर नेपालमा रहेका भान्जाहरुको उपस्थिति रहेको थियो । हाल मामाघर नेपालमा २२ जना भान्जाहरु रहेका छन् ।

# राष्ट्रिय सभा दुई सदस्यका लागि आज मनोनयन हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि आज बुधबार मनोनयन दर्ता हुँदैछ । बागमती प्रदेशमा रिक्त सदस्यको लागि आज बुधबार प्रदेश निर्वाचन कार्यालय हेटौंडामा बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयन दर्ता गर्ने कार्यक्रम रहेको छ ।

बागमती प्रदेशमा दुईजना राष्ट्रियसभा सदस्यका लागि निर्वाचन हुन लागेको हो । तीमध्ये एकजना महिला र एकजना अन्य समूहबाट निर्वाचित हुनेछन् । हाल बागमती प्रदेशबाट राष्ट्रियसभा सदस्य रहेका तत्कालीन नेकपा (माओवादी केन्द्र) की गंगाकुमारी बेलवासे र तत्कालीन नेकपा एकीकृत (समाजवादी) का बेदुराम भुषालको पदावधि २०८२ फागुनबाट सकिन लागेको हो । राष्ट्रियसभा निर्वाचनमा प्रदेशसभा सदस्य तथा स्थानीय तहका प्रमुख उपप्रमुखले मतदान गर्न पाउने व्यवस्था छ ।

प्रदेश निर्वाचन कार्यालयका अनुसार बागमती प्रदेशसभाका एक सय १० जना सदस्य र प्रदेशका १३ जिल्लाका स्थानीय तहका प्रमुख तथा उपप्रमुख २ सय ३८ जना गरी कुल ३ सय ४८ जना मतदाता रहेका छन् । मतभारको हिसाबले स्थानीय तहका प्रमुख उपप्रमुखको कुल मतभार ४ हजार ५ सय २२ र प्रदेशसभा सदस्यको मतभार ५ हजार ८ सय ३० गरी जम्मा १० हजार ३ सय ५२ मतभार रहेको छ । निर्वाचनका लागि हेटौंडा उपमहा नगरपालिका-४ स्थित भूटनदेवी माध्यमिक विद्यालयलाई मतदानस्थल तोकिएको छ । जहाँ, दुईवटा मतदान केन्द्र रहनेछन् । विद्यालयको 'बी' ब्लकमा मतदान हुनेछ भने प्राविधिक भवनमा मतगणना गरिने प्रदेश निर्वाचन कार्यालयले जनाएको छ ।




मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीलगायत सुरक्षा निकायका प्रमुखहरुले मतदानस्थलको निरीक्षण गरिसकेका छन् । निर्वाचनका लागि प्रतिमतदान केन्द्र ८ जनाको दरले १६ जना कर्मचारी खटाइने जानकारी दिइएको छ । मतदान प्रक्रियाअनुसार प्रदेशसभा सदस्यले सेतो कागजमा हरियो रङको मसिले विवरण तथा चिन्ह उल्लेख गर्नेछन् भने स्थानीय तहका प्रतिनिधिले रातो रङको मसिले मतदान गर्नेछन् ।

निर्वाचन आयोगले राष्ट्रियसभा निर्वाचनका लागि माघ ११ गते बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म मतदान समय तोकेको छ । उम्मेदवारको बन्दसूची बुधबार दिनको ३ देखि ४ बजेसम्म प्रकाशन हुनेछ । पौष २४ गते उम्मेदवार विरुद्ध उजुरी, पौष २५ र २६ गते उजुरी तथा मनोनयनपत्रमाथि जाँचबुझ गरिनेछ । पौष २६ गते दिउँसो ३ बजे उम्मेदवारको नामावली प्रकाशन, पौष २७ गते नाम फिर्ता र अन्तिम नामावली प्रकाशन तथा पौष २८ गते उम्मेदवारलाई निर्वाचनचिन्ह प्रदान गरिनेछ । राष्ट्रियसभा निर्वाचनको लागि जिल्ला न्यायधीश श्रेष्ठलाई निर्वाचन अधिकृतको जिम्मेवारी तोकिएको छ ।

### कांग्रेसको मतभार धेरै

बागमती प्रदेशको कुल मतदाता ११० प्रदेशसभा सदस्यको मतभार ५ हजार ८३० हुन आउँछ भने स्थानीय तहका २३७ पदाधिकारीको मतभार ४ हजार ५०३ हुन्छ । यसरी बागमती प्रदेशअन्तर्गत राष्ट्रियसभा निर्वाचनमा मतदाताको कुल मतभार १० हजार ३३३ हुन्छ ।

बागमती प्रदेशमा नेपाली कांग्रेसको मतभार अन्य दलको तुलनामा धेरै छ । कांग्रेससँग प्रदेशसभामा ३७ सिट छ । स्थानीय तहतर्फ कांग्रेसका १०८ प्रमुख तथा उपप्रमुख रहेकोमा एकजना मतदानमा सहभागी हुन नपाउने भएकाले १०७ जनामात्र मतदाता हुनेछन् । प्रदेशसभा तर्फ १ हजार ९६१ र स्थानीय तहतर्फ २ हजार ३३ गरी कांग्रेसको कुल मतभार ३ हजार ९९४ हुन आउँछ । बागमती प्रदेशमा नेकपा एमाले २ हजार ५७१ मतभारका साथ दोस्रो स्थानमा छ भने नेकपा माओवादी केन्द्रको २ हजार १९६ मतभार र नेकपा एकीकृत समाजवादीको ५४२ मतभार छ ।

हाल माओवादी केन्द्र र एकीकृत समाजवादी मिलेर नेपाली कम्युनिस्ट पार्टी गठन भएको अवस्थामा यी दुवै दलको मतभार २ हजार ७३८ हुन आउँछ । प्रदेशसभामा १३ सिट भएको राप्रपाको कुल मतभार ७०८ मात्र छ भने नेमकिपाको १९७, हाम्रो नेपाली पार्टीको १०६ र स्वतन्त्र उम्मेदवारको १९ मतभार छ । ५९ सदस्यीय राष्ट्रियसभामा प्रत्येक २ वर्षमा एकतिहाइ सदस्यको पदावधि सकिने र उनीहरुको ठाउँमा नयाँ चयन हुने व्यवस्था छ । सोही क्रममा अहिले राष्ट्रियसभाका १९ सदस्य पदरिक्त हुन लागेको हो ।

तीमध्ये १८ जना निर्वाचनका माध्यमबाट राष्ट्रियसभा सदस्य भएका हुन् भने एकजना सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत भएका हुन् । सोही अनुसार रिक्त हुने पदपूर्तिका लागि १८ जना निर्वाचनका माध्यमबाट र एकजना राष्ट्रपतिबाट मनोनीत हुनेछन् । २०७२ सालमा जारी नेपालको संविधानले प्रतिनिधिसभा र राष्ट्रिय सभालाई संघीय व्यवस्थापिकाको व्यवस्था गरी यसलाई संघीय संसद्को रुपमा नामकरण गरेको छ । प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचित १६५ र समानुपातिक प्रणाली बमोजिम ११० गरी कुल २७५ जना रहने व्यवस्था गरेको छ ।

यस्तै राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट समानुपातिक आधारमा ८ जना गरी ५६ जना र राष्ट्रपतिबाट मनोनीत १ महिला सहित ३ जना गरी ५९ जना रहने व्यवस्था रहेको छ । राष्ट्रियसभाका सदस्यको पदावधि ६ वर्षको हुने संविधानमै उल्लेख गरिएको छ । राष्ट्रियसभाका एकतिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने संवैधानिक व्यवस्था रहेको छ ।

## हेटौंडाका डान्स बार र दोहोरी साँझलाई प्रशासनको कडा चेतावनी

# राति १२ बजेपछि पूर्ण रुपमा बन्द गर्न प्रजिअको निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ पछिल्लो समय मकवानपुरमा सञ्चालनमा रहेका डान्स बार तथा दोहोरी साँझमा अनैतिक गतिविधि र सामाजिक विकृति फैलिएको भन्ने गुनासो बढेपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरले सम्बन्धित पक्षसँग छलफल गरेको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरमा भएको छलफलमा सुरक्षा निकाय, स्थानीय तहका प्रतिनिधि, डान्स बार तथा दोहोरी साँझ सञ्चालकको सहभागिता रहेको थियो । छलफलका क्रममा प्रमुख जिल्ला अधिकारी बसन्तराज अधिकारीले प्रचलित कानुन, सामाजिक मर्यादा र सार्वजनिक शान्तिसुरक्षाविपरीतका गतिविधि कुनै पनि हालतमा सह्य नहुने स्पष्ट पारेका छन् । उनले गैरकानुनी ढंगले सञ्चालन भएका डान्स बार र दोहोरी साँझ बन्द गराइने चेतावनी दिँदै कुनैपनि बेला अनुगमन हुने जानकारी दिए ।

प्रजिअ अधिकारीले शान्ति सुरक्षामा चुनौती बढ्ने खालका गतिविधि नगर्न निर्देशन दिएका छन् । अनुमति दिने निकायसँग पनि थप छलफल गरी नीतिनियम कडाइकासाथ लागू गरिने उनको भनाइ छ । प्रजिअ अधिकारीले अनुमति दिनुअघि वडा र स्थानीय तहले क्षेत्र उपयुक्त छ कि छैन ? भन्ने विषयमा गहन अध्ययन गर्नुपर्ने बताए ।

छलफलका क्रममा डान्स बार र दोहोरी साँझ राति १२ बजेपछि पूर्णरुपमा बन्द गर्नुपर्ने निर्देशन दिइएको छ । डान्स तथा दोहोरी साँझमा पालना गर्नुपर्ने नियमहरु स्पष्टरुपमा देखिने गरी एक हप्ताभित्रराख्न निर्देशन दिइएको छ ।

छलफलमा डान्स बार तथा दोहोरी साँझ सञ्चालकले आफूहरु कानुनी दायरामै रहेर इमानदारितापूर्वक व्यवसाय सञ्चालन गर्दै आएको दाबी गरेका थिए । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक सुबासचन्द्र बोहराले बस्तीको बीचमा रहेका व्यवसायलाई व्यवस्थितरुपमा सञ्चालन गर्न आग्रह गरे । हाल हेटौंडा-४ र १० नम्बर वडामा डान्स बार तथा दोहोरी साँझ सञ्चालनमा रहेका छन् । मंगलबार नै १० नम्बर वडास्थित टोलविकास संस्थाका प्रतिनिधिले डान्स तथा दोहोरी साँझमाहुने विकृति रोक्न माग गर्दै जिल्ला प्रसाशन कार्यालयमा डेलिगेसनमा गएका थिए ।

# थाहानगर अस्पतालले विपन्न कोषको स्थापना गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ थाहानगरको प्रस्तावित १५ शैयाको पालुङ अस्पतालको रुपमा सेवाप्रवाह भइरहेको पालुङ प्राथमिक स्वास्थ्य केन्द्रले विपन्न कोषको व्यवस्था गर्ने भएको छ ।

स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष नारायण लामाको अध्यक्षतामा बसेको बैठकले चालु आर्थिक वर्ष २०८२/८३ का लागि विपन्न बिरामीको उपचार सहयोगका उद्देश्यले कोषका लागि वार्षिक रुपमा २ लाख रुपैयाँ छुट्याउने निर्णय गरेको हो । बैठकले स्वास्थ्य केन्द्र व्यवस्थापन समितिको कोषबाट रकम विनियोजन गर्ने निर्णय गरेको हो । कोषबाट विपन्न बिरामीलाई प्रतिबिरामी तीन हजार रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराउने जनाइएको छ ।

आर्थिक अभावका कारण उपचारमा समस्या भोगिरहेका नागरिकलाई राहत प्रदान गर्ने उद्देश्यले यस्तो निर्णय गरिएको व्यवस्थापन समितिका सदस्य उर्मिला गोपालीले बताइन् । उनले यस निर्णयले स्थानीयस्तरमा स्वास्थ्य सेवामा पहुँच बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गरिन् । स्वास्थ्य केन्द्रले प्रक्रिया पूरा गरेका विपन्न बिरामीलाई प्राथमिकताका आधारमा सहयोग उपलब्ध गराउने जनाएको छ । संघीय सरकारको लगानीमा १५ शैयाको पालुङ अस्पताल निर्माणाधीन छ । सुविधा सम्पन्न अस्पताल चालु आर्थिक वर्षभित्रै निर्माण सक्ने लक्ष्य लिइएको छ ।

ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि.को

**साधारणसभा सम्बन्धी सूचना !**

यस ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि. को २६ औं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा हुने व्यवहोरा अवगत गराउँदै उक्त साधारणसभामा सम्पूर्ण शेयर सदस्य शिक्षक कर्मचारी, शेयर सदस्यज्यूहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**समय र स्थान:**

मिति: २०८२ पौष २६ गते शनिबार
समय: बिहान ११:०० बजे
स्थान: जी.एस. निकेतनको प्राङ्गणमा
सम्पर्क : ९८५५०६९१८४, ९८५५०६९२८४, ०५७-५२३४१५, ०५७-९१३९७

डा. लिलानाथ ढुंगेल
सचिव
**ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि.**

# वृत्तिविकास र कानुन संशोधन माग गर्दै बागमतीका कम्प्युटर अपरेटर



साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ बागमती प्रदेश सरकारअन्तर्गत कार्यरत कम्प्युटर अपरेटर तथा सहायक कम्प्युटर अपरेटरहरुले आफ्नो वृत्तिविकासको सुनिश्चितता र कानुन संशोधनको माग गरेका छन् ।

उनीहरुले मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई ज्ञापनपत्र बुझाउँदै वृत्तिविकासको सुनिश्चितता र कानुन संशोधनको माग गरेका हुन् । मंगलबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पुगेर कर्मचारीले प्रदेश निजामती सेवा ऐन, २०७९ मा रहेको त्रुटि सच्याउन र संघीय कानुनबमोजिम बढुवाको व्यवस्था गर्न मुख्यमन्त्री बानियाँको ध्यानाकर्षण गराएका हुन् । निजामती सेवा नियमावली, २०५० को व्यवस्था र सर्वोच्च अदालतले २०७३ मा गरेको फैसलाअनुसार विविध सेवाका कम्प्युटर अपरेटर प्रशासन सेवा, सामान्य प्रशासन समूहको राप तृतीय श्रेणी (अधिकृतस्तर) मा बढुवा हुन पाउने कानुनी आधार स्पष्ट रहेको ज्ञापनपत्रमा उल्लेख छ ।

सोही फैसलाका आधारमा लोकसेवा आयोगले समेत यसअघि नै विविध सेवाबाट प्रशासन सेवामा बढुवा प्रक्रिया अगाडि बढाइसकेको र हाल धेरै कर्मचारी शाखाअधिकृत तथा नवौँ तहसम्म पुगिसकेको स्मरण गराइएको छ । कर्मचारीका अनुसार मधेश, गण्डकी, कोशी र सुदूर पश्चिम प्रदेशले आफ्ना निजामती सेवा ऐन र नियमावलीमा विविध सेवाका कम्प्युटर कर्मचारीलाई प्रशासन सेवाको माथिल्लो तहमा बढुवा हुने बाटो खुला गरिसकेका छन् । तर, बागमती प्रदेशको निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (११) मा रहेको अस्पष्ट व्यवस्थाका कारण कर्मचारीको वृत्तिविकासमा बाधा पुगेको ज्ञापनपत्रमा उल्लेख छ ।

नेपालको संविधानको धारा ५७ को उपधारा (६) बमोजिम प्रदेशले बनाउने कानुन संघीय कानुनसँग बाझिनु नहुने संवैधानिक व्यवस्था छ । बागमती प्रदेशको विद्यमान ऐन संघीय निजामती सेवाको प्रावधान र सर्वोच्च अदालतको फैसलाविपरीत रहेको भन्दै कर्मचारीले यसलाई सच्याउन माग गरेका छन् । कर्मचारीले प्रदेश निजामती सेवा नियमावली, २०८२ मा स्पष्ट व्यवस्था थप गर्न माग गरेका छन् । उनीहरुले समायोजन भएर आएका कम्प्युटर अपरेटर र कम्प्युटर अधिकृत (तह ५ र ६) लाई प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूहको सातौं तहमा ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनका आधारमा बढुवाको सम्भाव्य उम्मेदवार हुन पाउने व्यवस्था सुनिश्चित गर्न आग्रह गरेका छन् ।



साझाकुरा

## हाम्रो कुरा

# पुन:गुल्जार बन्ने प्रतिक्षमा भीमफेदी

भीमफेदी-खानीखेत अढाई किलोमिटर सुरुङ निर्माण गर्न तत्कालीन नेपाल पूवर्धार विकास कम्पनीले भीमफेदीमा एक पटक र खानीखेतमा एकपटक भूमिपूजासहित सिलान्यास गरेको थियो । यतिबेला भीमफेदीबासी निक्कै हौसिएका थिए । तर, पूर्वाधार विकास कम्पनीको केवल नाटक मञ्चनमात्र हो भन्ने बुझेपछि भीमफेदीबासी निराश बने । हेटौंडा हुँदै काठमाडौं जाने वैकल्पिक मार्गअन्तर्गत भीमफेदीदेखि देउरालीसम्मको दूरीमा नेपालका राजनीतिक, प्रशासनिक र इतिहाससँग जोडिएका दर्जनौं ऐतिहासिक महत्वका संरचना छन् । राजधानी प्रवेश गर्ने छोटो वैकल्पिक हेटौंडा भीमफेदी, कुलेखानी, सिस्नेरी, फाखेल दक्षिणकाली र फर्पिङ बाटोमा मोटर सञ्चालनमा आउन थालेपछि भीमफेदीमा चहलपहल बढ्न थालेको छ । जनप्रतिनिधिले पनि भीमफेदीलाई गुल्जार बनाउन प्रयत्न गरेका छन् । जिल्लाको पूर्वसदरमुकामका रुपमा रहेका भीमफेदी अहिले भीमफेदी गाउँपालिकाको केन्द्र हो ।

राणाकालीन भौतिक संरचना, पुरानो सदरमुकाम र ऐतिहासिक नाकाकारुपमा परिचित यो क्षेत्र संरक्षणको अभावमा क्रमश: ओझेलमा थियो । हेटौंडाबाट करिब २३ किलोमिटरको दूरीस्थित भीमफेदी मकवानपुरको पुरानो सदरमुकाम पनि हो । राणाकालीन समयमा काठमाडौं आवतजावतका क्रममा विशेषगरी बास बस्ने स्थानकारुपमा परिचित थियो । विसं २०३९ मा तत्कालीन जिल्ला पञ्चायत सभापति ओमुटेम्पा लामाले मकवानपुरको सदरमुकाम भीमफेदीबाट सारेर हेटौंडामा पुऱ्याएपछि भने चहलपहलयुक्त भीमफेदी एकाएक उजाड बन्दै गयो । यहाँका अधिकांश कार्यालय हेटौंडा सरेपछि व्यापार व्यवसायसमेत हटौंडातिरै सर्न पुग्यो । तामाङ जातिको बाहुल्य रहेको मकवानपुरको देउराली, कोगटे तथा सुपिङको बीचमा रहेको भीमफेदी बजार भने नेवार व्यापारी बाहुल्य बजार थियो । नेवारी परम्पराका विभिन्न जात्रा, महोत्सव, झाँकी, नाचलगायत विभिन्न सांस्कृतिक कार्यक्रम एवं पर्व विशेषका जात्रा र कार्यक्रमले गर्दा सांस्कृतिकरुपमा पनि समृद्ध थियो, भीमफेदी । राणाकालमा बेलायती राजारानी लगायत विदेशी पाहुना हात्तीमा बसेर सिकार खेल्नका निम्ति पनि भीमफेदी नै आउँथे । विगतमा पैदलयात्रुका निम्ति बास बस्न बनाइएका पार्टीपौवा र निजी भवन अहिले जीर्ण छन् । मकवानपुरको पुरानो सदरमुकाम भीमफेदी हात्तीसारस्थित हौदा संग्रहालयमा रहेका हौदालगायत विभिन्न ऐतिहासिक सामग्री संरक्षणको पर्खाइमा छन् । संग्रहालयमा सन् १९५२ मा बेलायती महारानी एलिजाबेथ र जंगबहादुर राणालगायत राणा परिवारले प्रयोग गरेका हौदाहरु छन् । राजा महेन्द्रको निमन्त्रणामा नेपाल आएकी महारानी एलिजाबेथ द्वितीयाले सिकारी हौदा कसिएका हात्ती चढेर हालको चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा वन्यजन्तुको सिकार गरेका थिए । संग्रहालयमा महारानी एलिजाबेथले प्रयोग गरेका ४ वटा सिकारी हौदा र जंगबहादुरले प्रयोग गरेका पिँजडा हौदा छन् ।

ऐतिहासिक चिसापानीगढी, राजा महाराजा एवं राणाले निर्माण गरेका भौतिक संरचना, विसं १९६४ मा निर्मित अनौठो र आकर्षक पृथ्वी-चन्द्र अस्पताल भवन, राणा प्रधानमन्त्री जुद्धशमशेरले निर्माण गराएको विशाल धर्मशाला (हाल भत्काइएको र महेन्द्र माविको आधुनिक भवन बनाइएको), पौराणिक कालीगढी नमूना झल्कने भीमसेन महाराजको मूर्ति भएको भीमसेन मन्दिर, ढुंगेधारासहितको आकर्षक पोखरी र मनोरम बगैंचाजस्ता थुप्रै ऐतिहासिक संरचनाले झकिझकाउ भीमफेदी, सदर मुकाम सरेपछि निरस र उजाडमात्र बनेन यहाँका सांस्कृतिक परम्परा भीमसेन जात्रा र अन्य केही सानातिना जात्राबाहेक लगभग सम्पूर्ण लोप हुने अवस्थामा पुगेका छन् । यो मार्गको आफ्नै ऐतिहासिक विशेषता रहेको इतिहासकारहरु बताउँछन् । भीमफेदीको चिसापानीगढी कुनै समय देशकै सबैभन्दा व्यस्त नाका थियो । राणाकालीन समयमा काठमाडौं भित्र्याइने मोटरगाडी भीमफेदीसम्म गुडाएर ल्याइने र त्यहाँबाट मान्छेले बोकेर उपत्यका पुऱ्याइने गरिन्थ्यो । चिसापानीगढी तत्कालीन समयमा राहदानी जाँच गर्ने प्रमुखस्थलका रुपमा प्रयोग हुने गरेको थियो । राज्यको संस्कृति, इतिहास र राजनीतिक घटनाक्रमसँग जोडिएका यस्ता पुरातात्विक संरचनाको संरक्षण आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस २४ गते बिहीबार ८ जनवरी २०२६ । पञ्चमी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५८ सूर्यास्त ५:२३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्य बिग्रन सक्ने | तुला | : निर्माण कार्यमा प्रगति |
| वृष | : रमाइलोगरि समय बित्ने | वृश्चिक | : सामाजिक काममा सफलता |
| मिथुन | : राजनीतिमा प्रगति हुने | धनु | : सन्तानबाट खुशी मिल्ने |
| कर्कट | : शारीरिक परिश्रम गर्नुपर्ने | मकर | : व्यापारमा केही हानि हुने |
| सिंह | : पढाइमा प्रगति हुने | कुम्भ | : शत्रु पराजित हुने |
| कन्या | : विश्वासमा संकट आउने | मीन | : मानसम्मान बढ्ने |

# संविधानविपरीत मधेशी दलितको निरन्तर बहिष्करण



✍भोला पासवान

नेपालको संविधानले समावेशी लोकतन्त्रलाई राज्य पुनर्संरचनाको मेरुदण्डका रूपमा व्याख्या गरेको छ । ऐतिहासिक रूपमा बहिष्कृत समुदाय- दलित, मधेशी, महिला, आदिवासी जनजाति, मुस्लिम लगायतलाई राज्य संरचनामा समावेशी बनाउने उद्देश्यले समानुपातिक निर्वाचन प्रणालीलाई संवैधानिक मान्यता दिइएको हो । विशेषगरी दलित समुदायका लागि संविधानको धारा ४० ले राजनीतिक सहभागिताको मौलिक अधिकार सुनिश्चित गरेको छ । तर संवैधानिक यो व्यवस्थाको एक दशक बितिसक्दा पनि र प्रतिनिधिसभाका दुई निर्वाचन (२०७४ र २०७९) सम्पन्न भइसक्दा पनि तथ्याङ्कले देखाउँछ कि मधेशी दलित समुदाय अझै पनि राज्यसत्ताबाट बहिष्कृत नै छन् । त्यो पनि व्यवस्थित रूपमै । यसले समानुपातिक प्रणाली केवल राजनीतिक दलहरूको कार्यकर्ता व्यवस्थापनको औजार मात्र बनेको पुष्टि गर्छ । दलित समुदायको कुल जनसंख्या ३८ लाख ९८ हजार ९९० छ । यसमध्ये पहाडी दलित करिब ८.६ प्रतिशत र तराई (मधेशी) दलित करिब ४.८ प्रतिशत छन् । यद्यपि प्रतिनिधिसभामा मधेशी दलितको उपस्थिति नाम मात्र रहनु संविधानको धारा ४० (७) को प्रत्यक्ष उल्लैन हो ।

### संविधानको धारा ४० (७) र यसको मर्म

संविधानको धारा ४० (७) भन्छ- दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नुपर्नेछ । यो प्रावधानले दलित समुदायलाई एकरूप, एकल पहिचानका रूपमा होइन, दलितभित्रको आन्तरिक विविधता (भूगोल, भाषा, संस्कृति र ऐतिहासिक उत्पीडन) लाई मान्यता दिएको छ । तर व्यवहारमा 'दलित' भन्नासाथ पहाडी दलितलाई केन्द्रमा राख्ने प्रवृत्ति हाबी छ र मधेशी दलितहरू नियोजित रूपमा राजनीतिक प्रक्रियाबाट बाहिर पारिँदै आएका छन् ।

### विभेदको साक्षी

दलित देशको करिब १३.८ प्रतिशत जनसंख्या भएको समुदाय हो तर प्रतिनिधिसभामा मधेशी दलितको प्रतिनिधित्व शून्य हुनबाट मात्र बचेको छ । प्रतिनिधिसभाको दुवै निर्वाचनमा मधेशी दलितबाट १-१ जना मात्र प्रतिनिधि हुनु संविधानको खिल्ली उडाइनु सिवाय केही होइन । यो संख्या यस्तो साक्षी हो जसले संविधान र व्यवहार बीचको दूरी स्पष्ट पार्छ ।

### मुस्लिम क्लस्टर हुँदा अनावश्यक ठानिएको मधेशी दलित

४.४ प्रतिशत जनसंख्या भएको मुस्लिम समुदायका लागि छुट्टै क्लस्टरको व्यवस्था सम्भव भएको राज्यमा ४.८ प्रतिशत मधेशी दलितका लागि चाहिं अलग वा बाध्यकारी संरचना आवश्यक नठानिनुले राज्य मधेशी दलितलाई कसरी हेर्छ भन्ने स्पष्ट पार्छ । खासमा यसो हुनु केवल प्राविधिक कमजोरी नभई नीतिगत र राजनीतिक पक्षपात हो । जसले मधेशी दलितलाई अहोरात्र रसातलमा धकेल्न उत्तोलकको काम गरिरहेको छ ।

### समानुपातिक बन्दसूची : सूची सजाउने तर प्रतिनिधित्व नदिने अभ्यास

२०७४ सालको निर्वाचनमा नेकपा एमालेले समानुपातिकतर्फ ४१ सिट प्राप्त गरेको थियो । पार्टीले समानुपातिकतर्फ ११० सिटमा उम्मेदवारी दिएको थियो । दलित क्लस्टरका १५ उम्मेदवारमध्ये ११ जना (७४ प्रतिशत) पहाडी दलित र ४ जना (२६ प्रतिशत) मधेशी दलित थिए । तर एमालेले सबैभन्दा बढी ४१ सिट जित्दा दलितबाट ६ जना निर्वाचित त भए तर ती सबै पहाडी दलित महिला थिए । दलिततर्फ रामप्रित पासवान (मधेशी दलित) दलित क्लस्टरको प्राथमिकता क्रम १ नम्बरमा रहे पनि उनी निर्वाचित भएनन् । बरु मधेशी क्लस्टरको प्राथमिकता क्रम १ नम्बरमा रहेका उद्योगपति मोती दुगड भने निर्वाचित भए ।

खस आर्यतर्फ मोहन बानियाँ प्राथमिकता क्रम ११ मा भए पनि पिछडिएको क्षेत्रको कोटाका कारण निर्वाचित भए । यसैगरी आशाकुमारी बिक दलित महिला र पिछडिएको क्षेत्र दुवैमा राखिएकाले निर्वाचित भइन् । यसले स्पष्ट देखाउँछ कि मधेशी दलित भन्दा उद्योगपति, खस आर्य र बहुक्लस्टरमा राखिएका व्यक्तिलाई प्राथमिकता दिइयो । नेपाली कांग्रेस पनि यो मामलामा इमानदार रहेन । उसले समानुपातिकतर्फ ४० सिट प्राप्त गरेको थियो । ११० सिटमा उम्मेदवारी दिएको कांग्रेसले दलित क्लस्टरमा १५ उम्मेदवार मध्ये १४ जना (९४ प्रतिशत) पहाडी दलित र १ जना (६ प्रतिशत) मात्र मधेशी दलितलाई समावेश गऱ्यो । मधेशी दलिततर्फ शम्भु हजारा पासवानलाई दलित पुरुषतर्फ अन्तिम ७औं प्राथमिकतामा राखिएकाले उनी निर्वाचित हुन सकेनन् । कांग्रेसबाट समानुपातिकतर्फ निर्वाचित ६ जना दलितमध्ये ३ जना पहाडी दलित पुरुष र ३ जना पहाडी दलित महिला थिए । यस अर्थमा मधेशी दलित शून्य ।

खस आर्यतर्फ रामबहादुर बिष्ट प्राथमिकता क्रम ११ मा भए पनि पिछडिएको क्षेत्रका कारण निर्वाचित भए । मधेशी क्लस्टरको प्राथमिकता क्रम १ मा रहेका उद्योगपति विनोद चौधरी निर्वाचित भए । यसबाट थाहा हुन्छ कि मुख्य र ठूला भनिएका दलहरूले मधेशी दलितलाई हेर्ने दृष्टिकोण कस्तो छ भन्ने । एमाले र कांग्रेस मात्र हैन, पछाडि पारिएका समुदायको हक/अधिकार सुनिश्चित गर्ने नारा बोकेर उदाएको नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) पनि यस मामलामा खासै पृथक् देखिएन । माओवादी केन्द्रले समानुपातिकतर्फ १०९ सिटमा उम्मेदवारी दिएको थियो । दलित क्लस्टरमा १५ जनामध्ये १३ जना (८६ प्रतिशत) पहाडी दलित र २ जना (१३ प्रतिशत) मात्र मधेशी दलित थिए । मधेशी दलिततर्फ राजुप्रसाद चमार दलित पुरुषतर्फ प्राथमिकताको ७ नम्बरमा र पूजाकुमारी बैठा दलित महिलातर्फ प्राथमिकताको ५ नम्बरमा राखिएका थिए । माओवादी केन्द्रले समानुपातिक तर्फ १७ सिट पायो तर २ जना पहाडी दलित महिला मात्र निर्वाचित गरायो । खस आर्यतर्फ चुडामणि खड्का प्राथमिकता क्रम ८ मा भए पनि अपाङ्गता कोटाका कारण निर्वाचित भए ।

अर्कोतर्फ राजपा नेपालले समानुपातिक तर्फ ९३ सिटमा उम्मेदवारी दिएको थियो । जसमध्ये दलिततर्फ ११ जनामा सबै मधेशी दलित उम्मेदवार थिए । कुल ६ सिट पाएको राजपा नेपालले दुलारीदेवी खंगलाई समानुपातिकतर्फ निर्वाचित गरायो । २०७४ सालको निर्वाचनमा मधेशी दलित प्रतिनिधित्व गराउने एकमात्र दल राजपा नेपाल थियो । शायद यो दल मधेशकेन्द्रित भएर पनि होला । उता संघीय समाजवादी फोरम नेपालले समानुपातिकतर्फ १०९ सिटमा उम्मेदवारी दिएको थियो जसमा दलितमध्ये ११ जना पहाडी दलित र ३ जना मधेशी दलित थिए । मधेशबाट ठूलो मत पाएको यस दलले कलुदेवी विश्वकर्मा (पहाडी दलित) लाई मात्र समानुपातिकबाट निर्वाचित गरायो । यसले देखाउँछ कि मधेशकेन्द्रित दलहरूले समेत मधेशी दलितलाई उपेक्षा गर्ने प्रवृत्ति कायमै छ ।

यसरी हेर्दा २०७४ सालको प्रतिनिधिसभा निर्वाचनले के प्रमाणित गऱ्यो भने ठूला दल मात्र होइन, मधेशकेन्द्रित दलहरू समेत मधेशी दलितलाई संरचनागत रूपमै बहिष्करण गरिरहेका छन् । समानुपातिक प्रणाली (संविधानको धारा ४० (७) दलितभित्र न्यायोचित वितरणका लागि बनाइएको हो तर व्यवहारमा भने यो अभिजात वर्ग, उद्योगपति, खस आर्य र प्रभुत्वशाली दलित समूहको पुनरुत्पादनको माध्यम बनेको छ ।

मधेशी दलितको प्रतिनिधित्व कुनै दया वा कृपा होइन, संविधानद्वारा प्रत्याभूत अधिकार हो । यदि यही प्रवृत्ति निरन्तर रहिरह्यो भने समानुपातिक प्रणालीमाथिको जनविश्वास मात्र होइन, संविधानको समावेशी लोकतान्त्रिक आत्मा नै गम्भीर संकटमा पर्नेछ । तीन ठूला राष्ट्रिय दल- एमाले, कांग्रेस र माओवादी सबैमा दलित क्लस्टरभित्र पहाडी दलितको संस्थागत वर्चस्व देखिन्छ । मधेशबाट ठूलो मत पाउने यी दलले मधेशी दलितलाई सूचीमा राखे पनि प्राथमिकता क्रममा पछाडि धकेलेर निर्वाचित नहुने अवस्था आफैं सिर्जना गरेका छन् । राजपा नेपाल मात्र अपवादका रूपमा देखिए पनि सिट संख्या कम भएकाले राष्ट्रिय राजनीतिमा मधेशी दलितको आवाज बलियो बन्न सकेन ।

### समान चरित्रका धनी ठूला दल

नेकपा एमालेले सबैभन्दा धेरै समानुपातिक सिट जित्दा पनि मधेशी दलितलाई प्रतिनिधित्व गराएन । नेपाली कांग्रेसबाट दुवै निर्वाचनमा एक जना पनि मधेशी दलित निर्वाचित भएनन् । माओवादी केन्द्रले उत्पीडित वर्गको राजनीति गर्ने दाबी गरे पनि व्यवहारमा पहाडी दलितकेन्द्रित सूची कायमै राख्यो । यसले देखाउँछ कि समस्या व्यक्ति वा संयोगको होइन, राजनीतिक संरचनामा गहिरोसँग जरा गाडेको विभेदको हो । जसप्रति ठूला भनिएका दलहरूको मोह गतिलैसँग गडेको छ ।

### मधेशकेन्द्रित दलहरूको दोहोरो मापदण्ड

संघीय समाजवादी फोरम, जसपा नेपाल जस्ता मधेशकेन्द्रित दलहरूले पनि मधेशी दलितलाई या त उम्मेदवारीमै सीमित गरे या निर्वाचित गराउन सकेनन् । यसले प्रमाणित गर्छ कि मधेशको मुद्दा उठाउने दलहरूले समेत मधेशी दलितलाई राजनीतिक शक्ति होइन, मतदाता मात्र ठानेका छन् । जसको पुष्ट्याइँ उनीहरूले नै गरेका छन्, त्यो पनि पटक-पटक ।

### दल नयाँ, दर्रा पुरानै

जनमत पार्टी र रास्वपा जस्ता नयाँ दलहरूले आफूहरूलाई पुराना भन्दा फरक, प्रगतिशील र समयानुकूल चल्न सक्ने क्षमताको दाबी गर्दै आएका छन् तर उनीहरूले पनि 'दलित मत लिने' तर 'दलित प्रतिनिधित्व भने नदिने' नीति अपनाएको व्यवहारले पुष्टि गऱ्यो । यसले पनि पुष्टि गर्छ कि समस्या व्यक्तिमा होइन, राजनीतिक संरचनामा छ । त्यो पनि निकै गहिरोसँग गाडिएको छ ।

### कानून र व्यवहार बीचको दूरी

संविधान, राजनीतिक दल सम्बन्धी ऐन र प्रतिनिधिसभा निर्वाचन ऐनले समावेशी प्रतिनिधित्वलाई बाध्यकारी बनाएका छन् तर दलहरूले दलितलाई एकरूप समूहका रूपमा प्रयोग गर्दै, दलितभित्रको आन्तरिक समानुपातलाई योजनाबद्ध रूपमा बेवास्ता गरेका छन् । परिणामत: समानुपातिक प्रणाली स्वयं अभिजात वर्ग र प्रभुत्वशाली समूहको पुनरुत्पादनको माध्यम बनेको छ ।

### दलित उम्मेदवार संख्या र वास्तविक निर्वाचित संख्या

२०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा समानुपातिक प्रणाली मार्फत दलित उम्मेदवारको संख्या पर्याप्त देखिए पनि वास्तविक निर्वाचित संख्या अपेक्षा भन्दा कम छ । उदाहरणका लागि, नेकपा एमालेले १५ जना दलित उम्मेदवार राखेको थियो तर मात्र ५ जना निर्वाचित भए ।

### पहाडी दलित र मधेशी दलित बीच असमानता

अधिकांश दलमा निर्वाचित दलितमा पहाडी दलितको वर्चस्व छ । नेकपा एमालेबाट ५ दलित निर्वाचित भएका १ जना मात्रै मधेशी दलित छन् । नेपाली कांग्रेस, माओवादी केन्द्र, जसपा नेपाल, जनमत पार्टी, रास्वपा र राप्रपा जस्ता दलबाट मधेशी दलित पूर्ण रूपमा प्रतिनिधित्वविहीन छन् । २०७९ को निर्वाचनमा जम्मा एक जना मधेशी दलित मात्र निर्वाचित भएका छन् । यो तथ्यले स्पष्ट देखाउँछ कि दलित समुदायभित्रको आन्तरिक विविधता (भूगोल, जातीय पहिचान, सामाजिक पृष्ठभूमि) मूल्याङ्कनमा दलहरू चुकेका छन् । जुन संविधानको समेत बर्खिलाप हो ।

### मधेशकेन्द्रित दलहरूको असफलता

जसपा नेपाल र जनमत पार्टी जस्ता मधेशकेन्द्रित दलहरूले पनि मधेशी दलितलाई सूचीमा राखे पनि निर्वाचित गराउन सकेका छैनन् । यसले मधेशी दलितलाई राजनीतिक निर्णय प्रक्रियाबाट लगातार बहिष्कृत गरिएको देखाउँछ । कानूनत: सबै दलले मधेशी दलितलाई पनि प्रतिनिधिसभामा प्रतिनिधित्व गराउनु आवश्यक हुन्छ । यस्तो अवस्थामा अरू ठूला, मूलधारे वा देशव्यापी सञ्जाल र संरचना भएका दलले त मधेशी दलितलाई हेरेनन्, हेरेनन्ह यस्ता दलबाट मधेशी समुदायको हक/अधिकार प्राप्तिमा प्रगति नभएको भन्दै मधेशलाई नै केन्द्र बनाएर राजनीति गर्न खुलेका दलले समेत आफ्नै भूगोलका बासिन्दाप्रति न्याय गर्न नसक्नु उनीहरूको असफलताको ठूलो र अकाट्य प्रमाण हो ।

### समानुपातिक प्रणालीको दुरूपयोग

मूल उद्देश्य कमजोर र बहिष्कृत समुदायको समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नु भए पनि व्यवहारमा समानुपातिक प्रणाली राजनीतिक दलहरूको शक्ति सन्तुलन र सूची व्यवस्थापनको औजार बनेको देखिन्छ । यस पृष्ठभूमिमा हेर्दा मधेशी दलितलाई प्राथमिकता नदिनु संरचनागत असमानताको सङ्केत हो । २०८२ सालको समानुपातिकतर्फको निर्वाचन आयोगमा चार प्रमुख पार्टीको दलित क्लस्टर संरचना (समानुपातिक बन्दसूची)

### पहाडी र मधेशी दलितको अनुपात

२०८२ सालको समानुपातिक बन्दसूचीमा पनि पहाडी दलितको वर्चस्व स्पष्ट देखिन्छ । नेकपा एमालेमा १४ जना पहाडी दलित (९३.३%) छन् भने मात्र १ जना मधेशी दलित (६.७%) छन् । नेपाली कांग्रेस र माओवादी केन्द्रमा ८६.७% पहाडी दलित र १३.३% मधेशी दलित छन् । राष्ट्रिय स्वतन्त्र पार्टीमा मधेशी दलितको अनुपात अन्य दलको तुलनामा केही बढी (२०%) छ तर अझै पनि पहाडी दलित बहुमतमा छन् । यो त्यस्तो तथ्याङ्क हो जसले दलहरू अझै पनि मधेशी दलितलाई संवैधानिक व्यवस्था अनुरूपको न्याय दिन तयार छैनन् भन्ने स्पष्ट हुन्छ ।

### दलित क्लस्टरमा मधेशी दलितको सीमित प्रतिनिधित्व

चारै प्रमुख पार्टीले आफ्नो समानुपातिक बन्दसूचीमा मधेशी दलितलाई पर्याप्त स्थान दिनसकेका छैनन् । नेकपा एमालेमा १५ जना दलित उम्मेदवारमध्ये मधेशी दलित मात्र १ जना छन्, जसले मधेशी दलितको प्रतिनिधित्व अत्यन्त न्यून छ भन्ने देखाउँछ । सूची व्यवस्थापनमा पहाडी दलितको उच्च प्रतिशतले देखाउँछ कि राजनीतिक दलहरूले दलित क्लस्टर बनाउँदा पनि भूगोल र सामाजिक विविधतालाई पर्याप्त प्राथमिकता दिएका छैनन् । जसले स्पष्ट पार्छ कि समानुपातिक प्रणालीको मूल उद्देश्य (दलित समुदायको समावेशी प्रतिनिधित्व) पूर्ण रूपमा कार्यान्वयन भएको छैन ।

### विगतको तुलना

२०७९ सालको समानुपातिक निर्वाचनमा पनि मधेशी दलित प्रतिनिधित्व न्यून थियो, र २०८२ सालमा पनि धेरै हदसम्म त्यही संरचनात्मक असमानता कायम छ । केही दल ( जस्तै- राष्ट्रिय स्वतन्त्र पार्टी) ले मधेशी दलितलाई बढी स्थान दिएको देखिन्छ तर त्यो पनि पर्याप्त मात्रामा छैन । समानुपातिक बन्दसूचीमा दलित प्रतिनिधित्व हुनु आवश्यक भए पनि पहाडी दलित केन्द्रित संरचना मधेशी दलितको राजनीतिक सहभागितामा बाधक बनेको छ । त्यसैले भविष्यमा दलहरूले दलित क्लस्टरमा भौगोलिक, जातीय र सामाजिक विविधतालाई समावेश गर्ने रणनीति अपनाउन आवश्यक छ ।

### अबको बाटो

निर्वाचन आयोगले आगामी निर्वाचनका लागि सूची सच्याउने समय दिएको सन्दर्भमा, राजनीतिक दलहरूले मधेशी दलितलाई पहिलो, दोस्रो र तेस्रो प्राथमिकता क्रममै राख्नुपर्छ । दलित अधिकारका लागि कार्यरत दलित सरोकार मञ्च नेपाल लगायत संस्थाहरूले विगतमा मधेशी दलित प्रतिनिधित्व सुनिश्चित गर्न ज्ञापनपत्र दिएका थिए । त्यसपछि आयोगले सम्बन्धित निकायहरूलाई पत्राचार पनि गरेको थियो तर दलहरूले त्यसलाई कार्यान्वयन गरेनन् ।

जेन-जी आन्दोलनपछि छुट्टै क्लस्टर सहित व्यवस्था मिलाउने आश्वासन दिइए पनि त्यो छलफलकै क्रममा सीमित रह्यो । यसले सङ्केत गरेको छ- आन्दोलनपछि प्राप्त अवसर समान रूपमा वितरण नभए आन्दोलनले स्वयं अलग मोड लिन सक्छ ।

### कानूनी उपचार र राजनीतिक पुनर्संरचना

अब मधेशी दलित समुदायले ज्ञापनपत्र र विन्तीपत्रमा सीमित नरही संविधानको धारा ४०(७) कार्यान्वयनका लागि कानूनी उपचारको बाटो रोज्नुपर्छ । साथै, दलित समुदायले छुट्टाछुट्टै पार्टी खोल्नुको सट्टा साझा राजनीतिक प्लेटफर्म निर्माण गरी समानुपातिक मत बलियो बनाउने रणनीति पनि गम्भीर रूपमा अख्तियार गर्नुपर्ने समय आएको छ । २०७२ सालको संविधान बनेपछिका दुई वटा निर्वाचनले दलित प्रतिनिधित्व बढ्नुको सट्टा घटेको देखाएका छन् । यदि समानुपातिक प्रणालीले पनि मधेशी दलितलाई न्याय दिन सकेन भने समावेशी लोकतन्त्र कागजमै सीमित हुने खतरा अझ गहिरिन्छ । मधेशी दलितको प्रतिनिधित्व दया वा कृपा होइन, यो संविधानद्वारा प्रत्याभूत अधिकार हो । अब प्रश्न अधिकार छ कि छैन भन्ने होइन, त्यो अधिकार कार्यान्वयन गर्ने राजनीतिक इच्छाशक्ति छ कि छैन भन्ने हो ।

(साभार: [illegible])

# समानुपातिक प्रणालीको परिकल्पना र राजनीतिक ज्ञान

✍गौरीप्रसाद दवाडी

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि पार्टीहरुले निर्वाचन आयोगमा बुझाएको समानुपातिक सदस्यतर्फको सूचीलाई लिएर आम जनताबाट गम्भीर असन्तुष्टि पाइएको छ । यी असन्तुष्टिहरु कतिपय जनताको अनभिज्ञतामा केन्द्रित छन् भने कतिपय पार्टी र नेताहरुको व्यवहार छनोट प्रक्रिया एवं अदूरदर्शी निर्णयका कारण छन् । जनतालाई समावेशी राज्य प्रणालीबारे राजनीतिक दलहरुले प्रशिक्षित गराउन नसक्नु एक कमजोरी त छँदै छ, त्यसभन्दा पनि समावेशी संसद्को परिकल्पना राजनीतिक रूपमा बुझ्न नसक्नु दलहरुको कमजोरीले राज्य व्यवस्था र संविधानमाथि नै प्रश्न उठाउनेका लागि मलजल पुगेको छ । संविधान जारी भएको एक दशक बितिसक्दा पनि संविधान बनाउने दलले नै यसको भावना, मर्म र आशय बुझेका छैनन् भने नयाँ दल र संविधान निर्माणमा सहभागी नभएका व्यक्तिले नबुझेकोमा कुनै आश्चर्य मान्नुपर्ने छैन ।

संविधान जारी गर्दा नेपालको राजनीतिक प्रणाली एकात्मक भयो । यसमा सबै लिंग, वर्ग, जात, समुदाय, भेग (भूगोल) को प्रतिनिधित्व भएन । राजनीति टाठाबाठाको पहुँचमा पात्र सीमित भयो । देश निर्माणमा सबैको समान हैसियत हुने हुँदा सबैलाई अटाउने संसद्को परिकल्पनाले समावेशी चरित्रको संसद् मात्र बनाएन, राज्य व्यवस्था सञ्चालनका सबै क्षेत्र समावेशी चरित्रले निर्माण गरियो । देशको संविधानले यही भावना प्रतिविम्ब गरेको छ ।

समावेशीकरण गर्ने मुख्य राजनीतिक स्थल भनेकै संसद् हो । त्यसैले प्रतिस्पर्धामा भाग लिन सक्नेका लागि प्रत्यक्ष निर्वाचन हो र प्रतिस्पर्धामा सरिक हुन नसक्नेका लागि समानुपातिक आरक्षण हो भन्ने परिकल्ना संविधानसभाले गऱ्यो । बहुदलीय व्यवस्थामा राजनीतिक दल नै सर्वोपरि भएकाले संसद् समावेशी बनाउने जिम्मा राजनीतिक दलले पाए ।

सांसद संसदीय दलको नेताको मत अर्थात् भोट रहेछ । सत्ता स्वाद भोगेका नेताका लागि समावेशी राम्रो हतियार भएको बुझेपछि संविधान बनाउँदाको सबै भावना, मर्म, आशय त भुले नै, संविधान पनि भुल्दै गर्दा समावेशी समानुपातिक गुटपरस्त परिवारिक जमघट मन परेकालाई भित्र्याउने, आर्थिक जोहो गर्ने, जोडी-जोडी, परिवार-परिवालाई रोजगार दिने विकृत स्वरुपमा संसद् बन्न पुग्यो ।

समानुपातिक त राजनीति सञ्जाल नभएका, प्रत्यक्ष निर्वाचनमा भाग लिन नसक्ने, आफ्नो विचार जनतासमक्ष पुऱ्याउन नसक्ने, मूलधारमा नअटाएका विपन्न, निमुखा, अल्पसंख्यक, मजदुर, पेसागत बुद्धिजीवी, पत्रकार, राजनीतिक विश्लेषक, कानुन व्यवसायी तथा कूटनीतिक व्यक्तित्वको प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने हो । संसद्को गरिमा उच्च बनाउन सहायक हुने समानुपातिक प्रतिनिधित्व आज संसद् विकृत बनाउन उद्धत छ । यसको जिम्मेवार राजनीतिक पार्टी हुन् ।

पटकौं मन्त्री भएका, चुनाव लडिसकेका, समाजमा स्थापित भइसकेकालाई समानुपातिकमा सिफारिस हुन संविधानले किमार्थ निर्देश गरेको छैन । जातका नाममा उच्च घरानालाई सम्मानका लागि, व्यापारी-उद्योगीलाई पैसाको लागि, राजनीतिक परिवारलाई राजनीतिमा घुसाउनको लागि समानुपातिक व्यवस्था होइन । निर्वाचन आयोगमा सूचीकृत समानुपातिक सूचीहरू हेर्दा अधिकांश उम्मेदवार समानुपातिकका लागि योग्य छैनन् । क्रमश: पृष्ठ-३...

# वीरगञ्ज घटना : सामाजिक सञ्जालले सल्काएको आगो



काठमाडौं/सद्भाव संयन्त्र गठन भएसँगै जिल्ला प्रशासन कार्यालय, पर्साले वीरगञ्ज महानगर क्षेत्रमा लगाएको निषेधाज्ञा र कफ्र्यु आदेश मंगलबार हटायो ।

स्थानीय प्रशासनले दुई वटा समुदायबीच झडपको स्थिति उत्पन्न भएको भन्दै २१ पुस साँझदेखि कफ्र्यु लगाएको थियो । हिन्दु, मुस्लिम लगायत धार्मिक समुदायका प्रतिनिधि, राजनीति दल, नागरिक समाज सम्मिलित संयन्त्रलाई भविष्यमा हुनसक्ने धार्मिक, सामाजिक सद्भाव विरुद्धका गतिविधि नियन्त्रणमा पहल गर्ने जिम्मेवारी दिइएको छ ।

देख्ने बित्तिकै सुरक्षाकर्मीले गोली हान्न पाउने गरी कफ्र्यु लगाउनु पर्ने गरी बढेको विवादको शुरुवात भने वीरगञ्जबाट एक सय ५० मिलोमिटर पूर्व धनुषा जिल्लाका सामाजिक सञ्जाल प्रयोगकर्ताले गरेका थिए । प्रहरीका अनुसार मुस्लिम समुदायका एक युवाले पुस १९ गते हिन्दु धार्मिक सम्प्रदायको आस्थामा चोट पुग्ने गरी भिडियो बनाएर टिकटकमा अपलोड गरेका थिए । त्यसपछि हिन्दु समुदायका युवाले पनि मुस्लिम धर्मप्रति अभद्र टिप्पणी सहितको भिडियो बनाएर अपलोड गरे ।

यसरी भिडियो बनाउने दुवै सम्प्रदायका युवाहरूलाई प्रहरीले पक्राउ गरिसकेको छ । गृह मन्त्रालयका अनुसार धनुषामा सामाजिक सञ्जालको दुरुपयोग दुरुपयोग गरी निश्चित समुदाय एवम् धर्म लक्षित अवैधानिक गतिविधि गर्ने, आपसी सामाजिक सद्भावमा खलल पुऱ्याउने व्यक्ति तथा समूहलाई कानूनी दायरा ल्याएर कारवाही प्रक्रिया अगाडि बढाइसकेको छ ।

यसअघि गत १० र ११ पुसमा हिन्दु सम्राट सेना र बजरंग दलले सप्तरी सदरमुकाम राजविराज बन्द आह्वान गरेको थियो । यसको कारण पनि सामाजिक सञ्जालमा व्यक्त घृणास्पद अभिव्यक्ति नै थियो । राजविराजकै एक जना मुस्लिम युवाले फेसबुकमा आपत्तिजनक अभिव्यक्ति राखेपछि विवाद बढेको थियो । ती युवाले जिल्ला प्रशासन कार्यालयमा माफी मागेपछि विवाद टुंगियो ।

ठीक यस्तै घटना गत १४ असोज २०८० मा नेपालगन्जमा देखिएको थियो । हिन्दु समुदायका एक जना फेसबुक प्रयोगकर्ताले आफ्नो धार्मिक आस्थामा चोट पुऱ्याउने गरी स्टेटस लेखेको भन्दै मुस्लिम युवाहरूले धर्ना दिए । त्यसको दुई दिनपछि त्यहाँको ऊँ कार परिवारले नेपालगञ्ज बन्द आह्वान गऱ्यो । दुवै धार्मिक समुदाय मिलेर सद्भाव ऱ्याली निकालेर विवाद अन्त्य गरे ।

यी दृष्टान्तले सामाजिक सञ्जालमा अपलोड गर्ने केही सेकेन्डको भिडियो कति घातक हुँदो रहेछ भन्ने देखाउँछ । सामाजिक सञ्जालमा छ्याप्छ्याप्ती पाइने अप्रमाणित र अपुष्ट विषयलाई त कतिपयले विश्वास गर्ने जमाना यस्तो घृणास्पद अभिव्यक्तिले असर त पार्ने भयो । यसपटक गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार, मुस्लिम, थारु, मधेशी आयोग र नागरिक समाजले पनि महत्वपूर्ण भूमिका खेले । स्थानीय प्रशासनले बेलैमा सर्वदलीय बैठक राखेर विवाद समाधानको प्रयास गऱ्यो ।

भविष्यमा यस्तो घट्ना दोहोरिन नदिन भने अहिलेदेखि नै तत्परताको खाँचो छ । किनभने, फेसबुक, टिकटक, एक्स, इन्स्टाग्राम, युट्युब लगायतका सञ्जालले भौगोलिक, जातीय, क्षेत्रीय, लैंगिक खाडल बढाएको विभिन्न अध्ययनहरूले देखाएका छन् ।

माथिका घट्नाहरूमा व्यक्त अभिव्यक्तिहरू स्वत: सामाजिक सञ्जालको कम्युनिटी गाइडलाइन विपरीत देखिन्छन् । तर, ती प्लेटफर्मले स्वत: हटाएनन् । डिजिटल राइट्स नेपालका कार्यकारी निर्देशक अधिवक्ता सन्तोष सिग्देल भन्छन्, 'सामाजिक सञ्जाल प्लेटफर्महरूले यस्ता घृणास्पद अभिव्यक्तिलाई नियमन गर्न सकेको देखिएन ।'

राष्ट्रिय मानव अधिकार आयोगका प्रवक्ता डा. टीकाराम पोखरेल आफ्ना विमति प्रकट गर्दा प्रचलित कानून मानव अधिकारका मूल्यमान्यता पालना गर्नुपर्ने बताउँछन् । उनी भन्छन्, 'प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता भए पनि स्वतन्त्रताको नाममा कुनै पनि धार्मिक तथा सामाजिक सद्भाव बिथोल्ने खालका गतिविधि गर्न पाईदैन ।'

नेपाल जस्तो बहुधार्मिक तथा बहुसांस्कृतिक देशमा सामाजिक सञ्जाल प्रयोगकर्ता धेरै संवेदनशील हुनुपर्ने अधिवक्ता सिग्देल बताउँछन् । उनी भन्छन्, 'सामाजिक सञ्जालमा गरिने केही सेकेन्डको आवेग वा हाँसो-मजाक हाम्रो जस्तो विविधता युक्त देशमा कति खतरनाक हुँदो रहेछ भन्ने विभिन्न घट्नाले देखाइसकेका छन् ।'

**चुनावमा दुरूपयोगको डर**

सामाजिक सद्भाव बिगार्न मात्र होइन निर्वाचनका बेला मतदातालाई प्रभावित पार्न सामाजिक सञ्जालको अधिक दुरुपयोग हुने गरेका छन् । यस्तो बेलामा मिथ्या सूचनाको बाढी नै आउनेको गरेको जानकारहरू बताउँछन् । नजानेर भन्दा पनि जानेर दुरुपयोग गर्नेहरूबाट बढी जोखिम रहेको विज्ञहरू बताउँछन् । अधिवक्ता सिग्देल निर्वाचनमा झनै बढी दुरुपयोगको संभावना देख्छन् ।

'सित्तैमा सहजै उपलब्ध हुने एआई जस्ता टुलहरू निर्वाचनका बेला जनमत प्रभावित पार्न दुरुपयोग हुने संभावना छ,' उनी भन्छन् । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी आयोगले आगामी निर्वाचनलक्षित नीति तयार पारिसकेको बताउँछन् । उनी भन्छन्, 'विगतका निर्वाचनका मिस-इन्फर्मेसन, डिस-इन्फर्मेसन र हेट स्पिचलाई मध्यनजर गरेर नीति बनाइसकेका छौं । आचारसंहितासँगै लागू हुन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# जेनजी आन्दोलनमा जलेका सवारीकर मिनाहा गर्ने बागमती सरकारको निर्णय



साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ बागमती प्रदेश सरकारले जेनजी आन्दोलनका क्रममा जलेका सवारी साधनको कर मिनाहा गर्ने भएको छ ।

प्रदेश सरकारको मन्त्रिपरिषदको निर्णयअनुसार जेनजी आन्दोलनमा जलेका तथा क्षति भएका सवारी साधनलाई करछुट दिने र ढिलाइ भएको जरिवाना मिनाहा गर्ने निर्णय गरेको हो । बैठकको निर्णयअनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरेको हो । राजपत्रमा प्रकाशित सूचनाअनुसार जेनजी प्रदर्शनका क्रममा आगजनी तथा तोडफोडका कारण पूर्णरुपमा क्षति भएका सवारी साधनको लगतकट्टा (दर्ता खारेज) गर्ने प्रयोजनका लागि चालु आर्थिक वर्ष २०८२/८३ को सवारीसाधन कर र नवीकरण दस्तुर छुट दिइनेछ ।

यस्तो सुविधा सरकारी, सार्वजनिक संस्थान, समिति, पर्यटकीय तथा निजी सवारी साधनले पाउनेछन् भने यसका लागि सम्बन्धित धनीले प्रहरी मुचुल्का लगायत पूर्णक्षति पुष्टि हुने आवश्यक प्रमाण कागजात पेस गर्नुपर्नेछ । सार्वजनिक (भाडाका) सवारी साधनको हकमा भने सवारीसाधन कर र नवीकरण दस्तुरका अतिरिक्त जाँचपास नवीकरण दस्तुर र बाटो इजाजतपत्र (रुटपर्मिट) नवीकरण दस्तुरमा समेत छुट दिने निर्णय गरिएको छ । गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका कारण यातायात व्यवस्था कार्यालयको सेवाप्रवाह अवरुद्ध भएको थियो ।

यो अवधिमा कर वा दस्तुर तिर्ने अन्तिम म्याद परेका सवारी साधनको हकमा सरकारले विशेष राहतको व्यवस्था गरेको छ । राजपत्रमा उल्लेख भएअनुसार सेवा अवरुद्ध भएको कारण समयमा दस्तुर बुझाउन नपाएका सवारी धनीले आगामी २०८२ साल माघ मसान्तभित्र दस्तुर बुझाउन आएमा प्रचलित कानुनबमोजिम लाग्ने जरिवाना र थप जरिवाना पूर्णरुपमा छुट दिइनेछ । यो सुविधा बाटो इजाजतपत्र र जाँचपासको नवीकरण दस्तुरमा लाग्ने जरिवानाको हकमा लागु हुनेछ ।

# 'मिरमिरे'को ट्रेलरमा त्रिकोणात्मक प्रेम र मातृत्व अभावको कथा



काठमाडौं/आगामी माघ १ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'मिरमिरे'को ट्रेलर सार्वजनिक गरिएको छ । मङ्गलवार काठमाडौंमा एक कार्यक्रमको आयोजना गर्दै दर्शकमाझ ल्याइएको तीन मिनेट लामो ट्रेलरमा फिल्मको कथावस्तुबारे संक्षिप्तमा प्रकाश पारिएको छ । बाबु-छोरीको भावनात्मक सम्बन्ध, मातृत्व अभाव र त्रिकोणात्मक प्रेमकथामा फिल्म आधारित रहेको ट्रेलरले प्रस्ट पार्छ ।

आमा विदेशिएपछि छोरीले महसुस गर्ने मातृत्वको अभाव र त्यस अवस्थामा बाबुले निर्वाह गर्ने भावनात्मक भूमिकालाई ट्रेलरमा मर्मस्पर्शी रूपमा देखाइएको छ । साथै, दयाहाङ राई, प्रकाश सपूत र सिर्जना सुब्बाबीचको त्रिकोणात्मक प्रेमले कथामा महत्त्वपूर्ण मोड ल्याउने संकेत गरेको छ । ट्रेलर हेर्दा निर्देशकले 'मेटाफोरिकल' (प्रतीकात्मक) रूपमा पनि कथा भन्न खोजेको देखिन्छ ।

यम शेर्पाको लेखन तथा निर्देशनमा बनेको फिल्ममा दयाहाङ, प्रकाश र सिर्जनासहित माओत्से गुरुङ, छुल्ठिम गुरुङ, भोलाराज सापकोटा, शाइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठ, नमनराज गजुरेल लगायतको पनि अभिनय रहेको छ । यार्सा फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा निमु शेर्पा, छोङ्बा लामा शेर्पा र आङ्छिरिङ शेर्पा निर्माताको रूपमा छन् ।

यस फिल्ममा आलोक शुक्लाको छायाङ्कन, भूपेन्द्र अधिकारी र निमेष श्रेष्ठको सम्पादन, कोविद ब्रजको ब्याकग्राउन्ड स्कोर तथा प्रकाश सपूत र मनोज थापा मगरको सङ्गीत रहेको छ । फिल्ममा गोविन्द बोहरा र सुदिप कुँवर सह-निर्माता तथा रोहित कट्टेल कार्यकारी निर्मातामा छन् । फिल्मको देशभर वितरणको जिम्मा आरआर फिल्म्सले लिएको छ ।

# सहकारीमा उच्च जोखिम भार कर्जा निरुत्साहित, प्राधिकरणको अनुगमन

काठमाडौं/राष्ट्रिय सहकारी नियमन प्राधिकरणले कर्जाको जोखिम भार उच्च बनाएपछि सहकारीहरूमा तेस्रो पक्षको धितोका आधारमा हुने कर्जा माग घटेको छ । प्राधिकरणले त्यस्ता कर्जामा जोखिम भार उच्च कायम गरेपछि सहकारीहरूले नै त्यस्तो कर्जा निरुत्साहित गरेका हुन् ।

प्रधिकरणले बचत तथा ऋण सहकारी सञ्चालन मापदण्ड २०८२ मा पूँजी र त्यसका आधारमा कर्जा लगानी व्यवस्था गरेको छ । त्यसैगरी कर्जाको जोखिम हेरेर कायम गर्नुपर्ने जोखिम भारसमेत तोकिदिएको छ । प्राधिकरणले सहकारीका लागि ४ प्रतिशत प्राथमिक पूँजी र ८ प्रतिशत कुल पूँजी अनुपात कायम गरेको छ । यो व्यवस्थाले सहकारीले कति कर्जा दिने भन्ने विषय संस्थाको पूँजीले निर्धारण गर्छ ।

संस्थाले कर्जा धेरै प्रवाह गरेको खण्डमा पूँजी कोष दबाबमा पर्छ । त्यसले गर्दा पनि कर्जा लगानी र पूँजीकोष अनुपात संस्थाको जोखिम नियन्त्रण गर्ने संयन्त्रका रूपमा छ । प्राधिकरणले नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई तोकेको पूँजी कोष र सोही आधारमा कर्जा लगानी गर्ने व्यवस्थालाई सहकारीमा पनि अनुकूल बनाइ लागु गरेको हो ।

प्राधिकरणको व्यवस्था अनुसार सहकारीले नगद मौज्दात, सरकारी ऋणपत्रमा गरेको लगानी, आवधिक बचतको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको ऋणमा जोखिम भार कायम गर्नु पर्दैन । त्यसैगरी बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात र सहकारी बैंकमा रहेको मौज्दातमा २० प्रतिशत जोखिम भार कायम गर्नुपर्ने व्यवस्था गरेको छ ।

प्राधिकरणले सकारीलाई धितो, विनाधितो, स्थिर सम्पत्ति, अन्य सम्पत्ति र सहकारी ऐनले तोके बमोजिम अन्य लगानीमा शतप्रतिशत जोखिम भार कायम गर्नुपर्छ । तर, तेस्रो पक्षको धितोमा प्रवाह भएको कर्जामा भने १ सय ५० प्रतिशत जोखिम भार मापदण्डले तोकेको छ ।

सहकारी क्षेत्रमा देखिएका समस्याको प्राविधिक पक्ष भनेको तेस्रो पक्षको धितो पनि हो । सोही विषय सम्बोधन गर्न प्राधिकरणले तेस्रो पक्षको धितोमा ऋण प्रवाह नियन्त्रण गर्न उच्च जोखिम भार कायम गरेको प्राधिकरणका एक अधिकारीले बताए । राष्ट्रिय सहकारी बैंक, बचत तथा ऋण सहकारी केन्द्रीय संघ (नेफ्स्कुन समेत) तथा सहकारीमा धेरै कर्जा समस्यामा परेको ती अधिकारीको भनाइ छ ।

'ऋणी भाग्यो, धितो अरूका नाममा भएको सम्पत्ति छ, बचतकर्तालाई बचत दिने पैसा छैन, ऋण असुल्न धितो अरूका नामको भएपछि धेरै जटिलता आएको सुनिएको छ,' ती अधिकारीले भने, 'मादण्डको यस्तो व्यवस्थाले आगामी दिनमा यस्तो समस्या नदोहोरिएला भन्ने अपेक्षा छ ।' बचत तथा ऋण सहकारीमा पनि पूँजी कोष व्यवस्था गत जेठदेखि नै लागु भएको प्राधिकरण सञ्चालक समिति सदस्य डा. रमेश चौलागाईंले बताए ।

'प्राधिकरणको स्थलगत अनुगमन क्रममा ती सूचकको अवस्था हेर्ने गरिएको छ,' उनले भने, 'कर्जा लगानी जोखिमको अवस्थालाई पूँजीकोषले बाँधिएको छ, सोही अनुसार काम गर्ने प्रयासमा सहकारी देखिन्छन् ।' उनका अनुसार पूँजी कोष कायम गर्ने समयमा पनि २०८३ असारसम्मको समय दिइएकाले बिस्तारै तोकिएका मादण्ड पालना गर्ने क्रममा सहकारीहरू देखिएका छन् । मादण्डमा गरिएका व्यवस्था कार्यान्वयनले सहकारी क्षेत्रमा अनुशासन सुरुवात भएको उनले बताए ।

**पूाजी कोष के हो ?**

पूँजी कोष भन्नाले संस्थाको आफ्नो र प्रयोग गर्न मिल्ने पूँजीको जोड हो । यसलाई संस्थाले कर्जा लगानी गर्दा जोखिमसँग दाँजिने भएकाले सहकारी संस्थाले जोखिम भारित सम्पत्ति प्राथमिक पूँजी ४ प्रतिशत र कुल पूँजीकोष ८ प्रतिशत कायम हुने गरी कर्जा लगानी गर्नुपर्ने हुन्छ ।

जस्तो, १ सय रुपैयाँ कर्जा दिँदा त्यसको जोखिम भार १ सय ५० रुपैयाँ बराबर गर्नुपर्ने हुन्छ । अर्को अर्थमा भन्दा संस्थाको पूँजी कोषका आधारमा कर्जा लगानी गर्ने हो । कुनै पनि संस्थाले धेरै जोखिम भार भएको क्षेत्रमा कर्जा लगानी बढी गरेको छ भने पूँजी कोष दबाब पर्दा कर्जा रोक्नुपर्ने अवस्था आउँछ । त्यसैगरी कमभन्दा कम जोखिम भार भएका कर्जा बढी प्रवाह गर्छ भने कर्जा लगानी गर्ने क्षमता धेरै हुन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# समानुपातिक प्रणालीको....

यी सूचीहरू नेतृत्वका गुटगत स्वार्थ, नातागोता र पहुँचका आधारमा व्यक्तिपरस्त तयार पारिएका देखिन्छन्, जुन नेपालको संविधान २०७२ को भावना, आशय र मर्म विपरीत छ । नेपालको राजनीतिक विकासक्रममा राजनीति दिन-प्रतिदिन स्खलित हुँदै जानुमा राजनीतिक ज्ञान र सुझबुझको कमी-कमजोरी हुनु पनि हो । हाम्रा निवर्तमान र पूर्वसांसदहरुको योग्यता नियाल्ने हो भने राजनीतिशास्त्रभन्दा अन्य विषयको बाहुल्यता छ ।

एकजना राजनीति गर्ने मान्छेमा के-के ज्ञान हुनुपर्छ भन्ने विषयमा चर्चा गर्ने हो भने यसको सहज उत्तर हुन्छ- सर्वगुण संपन्न सर्वज्ञाता । हो, राजनीति गर्ने मान्छेमा सर्वज्ञान गुण हुनै पर्छ । यसको तात्पर्य ज्ञान भएन भनेर राजनीति नै नगर्ने भन्ने सत्य होइन । राजनीतिक ज्ञानको अभाव पूर्तिका लागि आफूमा भएको ज्ञानको अभाव अन्य सान्दर्भिक मानिसबाट पूर्ति गरिने हुनाले राजनीतिक सल्लाहकारले राजनीतिमा प्रवेश पाएका हुन् ।

इतिहास खोतल्ने हो भने आदिकालदेखि नै राज्य सञ्चालनका लागि चतुर खेलाडीको बन्दोबस्त राजाहरुले गर्थे । जनप्रिय शासक बन्नको लागि कुशल सल्लाहकारको आवश्यक पर्छ । यसैमा देशको भाग्य निर्धारण हुन्छ । एउटा कुशल राजनेताको मिसन देशमा रहेका कुशल बुद्धिमतापूर्ण मानिसले मात्र पूरा गर्न सक्छन्। ।

चर्चा गरौँ एकजना राजनीति गर्ने मान्छेमा के-के ज्ञान अर्थात् जानकारी रहनुपर्छ भन्ने विषयमा । हरेक विषयको व्याख्या लम्बिने हुँदा यसलाई विधागत संकलन गर्न सहज होला । राजनीतिशास्त्रको ज्ञान : राजनीति गर्ने मान्छेमा राजनीति शास्त्रको ज्ञान हुनु आवश्यक छ । यसमा राजनीतिक सिद्धान्त, राजनीतिक व्यवस्था, राजनीतिक प्रक्रिया, राजनीतिक व्यवहार, विभिन्न देशले अनाएका राज्य प्रणाली, विश्वभूराजनीतिक अवस्थाको अध्ययन समावेश हुन्छ ।

इतिहासको ज्ञान : इतिहासको ज्ञानले राजनीति गर्ने मान्छेलाई विगतका घटनाहरू, नेताहरू र राजनीतिक आन्दोलनहरूको बारेमा जानकारी दिन्छ । यसले वर्तमान र भविष्यको राजनीतिक निर्णय लिनमा मद्दत गर्नुका साथै इतिहासको पाठ देखाएर नेतृत्व सहजरुपमा अगाडि बढ्न क्षमता प्रदान गर्छ । अर्थशास्त्रको ज्ञान : देशको राज्य सञ्चालनको मेरुदण्ड भनेकै अर्थ प्रणाली हो । अर्थशास्त्रको ज्ञानले मात्र राजनीति गर्ने मान्छेलाई आर्थिक नीति, अर्थव्यवस्था र आर्थिक विकासको बारेमा जानकारी दिन्छ । यसले विश्व अर्थतन्त्र व्यापारको ज्ञान दिने हुनाले आर्थिक निर्णय गर्नमा मद्दत गर्छ ।

समाजशास्त्रको ज्ञान : समाजको संरचना, समाजको परिवर्तन, समाजका समस्याहरूको पहिचान, समाजको विकास, जनताको धारणाका बारेमा समाजशास्त्रको ज्ञानले राजनीति गर्ने मान्छेलाई प्रखर बनाउँछ । यसले सामाजिक नीति र कार्यक्रमहरू बनाउनेमा मद्दत गर्छ । समाज अनुकूल राज्य व्यवस्था तय गरेर जनताका आकांक्षा समाजमा शास्त्रको ज्ञानपछि मात्र सम्भव छ ।

सञ्चार कौशल : सञ्चार कौशलले राजनीति गर्ने मान्छेलाई आफ्नो विचार, नीति र कार्यक्रमहरू जनतासम्म पुगाउनेमा मद्दत गर्छ । यसले जनतासँग संवाद गर्ने, जनमत संकलन गर्ने र जनताको समर्थन प्राप्त गर्नमा मद्दत गर्छ । अहिलेको विश्व सञ्चार मिडियाको जालोले भरिएको छ । कुन समयमा कस्तो नीति तय गर्ने, विश्वका अन्य मुलुकसँगको समन्वय, कूटनीतिक निर्णय गर्न सञ्चार सहयोगी बन्न सक्छ ।

नेतृत्व क्षमता : नेता भनेकै नेतृत्व प्दान गर्ने व्यक्ति हो । राजनीति गर्ने मानिसमा नेतृत्व क्षमता आवश्यक हुन्छ । नेतृत्व क्षमताले राजनीति गर्ने मान्छेलाई जनताको नेतृत्व गर्ने, निर्णय लिने र जनताको विश्वास प्राप्त गर्नमा मद्दत गर्छ । आफ्नो विचारले जनता पछि लगाउन सक्ने मानिस नै कुशल राजनीतिज्ञ हुन सक्छ ।

नैतिकता र इमानदारिता : राजनीति गर्ने मान्छे इमानदार, सच्चा र न्यायप्रिय हुनुपर्छ । नैतिक र इमानदार मान्छेले मात्र जनताको विश्वास प्राप्त गर्न सक्छ । जोसँग नैतिकता छ, उसले जनताको विश्वास जित्न सक्छ ।

जनसाधारणको ज्ञान : जनसाधारणको ज्ञानले राजनीति गर्ने मान्छेलाई जनताको समस्या, आवश्यकता, र आकांक्षाको बारेमा जानकारी दिन्छ । यसले जनताको समर्थन प्राप्त गर्नमा मद्दत गर्छ र जनचाहना अनुकूल नीति बनाउन मार्गप्रशस्त गर्छ ।

अन्तर्राष्ट्रिय सम्बन्धको ज्ञान : अहिलेको विश्व सञ्जालको रुपमा जकडिएको छ । एक देशको घटना-परिघटनाले अर्को देशमा प्रभाव पार्ने हुनाले राजनीति गर्ने मान्छेमा अन्तर्राष्ट्रिय सम्बन्धको ज्ञान अपरिहार्य छ । अन्तर्राष्ट्रिय राजनीति, अन्तर्राष्ट्रिय संस्था र अन्तर्राष्ट्रिय मुद्दाहरूको बारेमा जानकारी राजनीतिकर्मीमा हुनुपर्छ । अन्तर्राष्ट्रिय ज्ञानले अन्तर ष्ट्रिय सहयोग र विकासको अवसर प्राप्त गर्नमा मद्दत गर्छ ।.

अनुकूलन क्षमता : अनुकूलन क्षमता भएका राजनीतिज्ञले मात्र बदलिँदो परिस्थितिमा अनुकूलन निर्णय गर्ने क्षमता राख्छन् । अनुकूलन क्षमताले नयाँ विचार अपनाउने र नयाँ चुनौतीहरूको सामना गर्नमा मद्दत गर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# टिकटकमा छायो 'कुमारी'को 'डोको बुन्ने' गीत, युट्युबमा प्रशंसाको ओइरो

काठमाडौं/तिहारमा प्रदर्शन भएको फिल्म 'वरिष्ठ बलराम'को 'न्याउली वनैमा' गीतपछि फिल्मी गीतहरू खासै चर्चामा आउन सकेका थिएनन् । यो खडेरीलाई फिल्म 'कुमारी'को 'डोको बुन्ने' गीतले केही हदसम्म तोड्ने काम गरेको छ । ६ दिनअघि सार्वजनिक भएको उक्त गीत अहिले दर्शकमाझ लोकप्रिय बनिरहेको छ । गीतले युट्युब र टिकटक दुवै प्लेटफर्ममा राम्रो प्रभाव जमाएको छ ।

युट्युबमा ११ लाखभन्दा बढीले हेरिसकेको गीत टिकटकमा भाइरल नै बनेको छ । अहिलेसम्म लगभग ४० हजारले टिकटकमा भिडियो बनाइसकेका छन् । गीतका गायक केहर सिंह लिम्बूको टिकटक अकाउन्टबाट मात्र भिडियो बनाउनेको संख्या २५ हजारभन्दा बढी छ । गीतको मुख्य हरफ 'डोको बुन्ने निगालो चोयाले, ज्यानै खायो त्यो तिम्रो मायाले'मा बढी टिकटक बनेका छन् ।

यस्तै, युट्युबमा गीतलाई प्रशंसाको ओइरो लागेको छ । प्राय:ले केहरको आवाज मन पराएका छन् । भिडियोको कोरियोग्राफी, छायांकन, मेकिङ, र फिल्मका मुख्य जोडी अबिषेक खड्का र आकृति राजभण्डारीको केमेस्ट्री पनि उतिक्कै रूचाइएको छ । युट्युबमा प्राप्त प्रतिक्रियाहरू हेर्दा गीतले युवापुस्ताका दर्शकलाई फिल्म हेर्न अधैर्य बनाएको देखिन्छ ।

केहर सिंह लिम्बूको स्वरमा रहेको गीतमा सागर लामिछाने मगर र सुमन तामाङको शब्द तथा सुमन तामाङ र केहर स्वयंको संगीत छ । लोकलयमा आधारित यस गीतमा चिट्ठीमार्फत प्रेमपत्र लेख्ने समयदेखि रोधी बस्ने प्रचलनसम्मका प्रसंग समेटिएको छ, जसले दर्शकलाई पुरानो समयको स्मृतिमा लैजान्छ । भिडियोका कोरियोग्राफर शिशिर खाती हुन् ।

'आइ एम सरी', 'नोभेम्बर रेन' र 'क्लासिक' जस्ता रोमान्टिक फिल्ममार्फत दर्शकमाझ चिनिएका दिनेश राउतले 'कुमारी'को निर्देशन गरेका हुन् । आगामी माघ २३ गतेबाट प्रदर्शन हुने यो फिल्ममा अबिषेक र आकृतिसहित घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकाङ्क्षा कार्की, मधु खड्का, सनम श्रेष्ठ लगायतको अभिनय रहेको छ । यसका निर्माता महेन्द्र अधिकारी हुन् ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रूपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# चेपाङ समुदायमा आधारभूत अधिकार प्राप्त गर्न कठिनाई

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/अति सीमान्तकृत तथा अल्पसंख्यक चेपाङ समुदायमा नागरिकता, जन्मदर्ता तथा सामाजिक सुरक्षा जस्ता आधारभूत अधिकार प्राप्त गर्न कठिनाइ रहेको पाइएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगले सार्वजनिक गरेको 'चेपाङ समुदायको मानवअधिकार अवस्था अध्ययन प्रतिवेदन, २०८२' ले यो तथ्य देखाएको हो । प्रतिवेदनअनुसार शिक्षा र कानुनी सचेतनाको कमीका कारण चेपाङ समुदायमा बालविवाहको समस्या अझै कायम छ । बालविवाह हुँदा विवाह कानुनीरुपमा दर्ता नहुने र त्यसको असर नवजात शिशुको जन्मदर्तामा पर्ने गरेको आयोगले जनाएको छ । समयमै जन्मदर्ता नहुँदा बालबालिकाको शिक्षाको मौलिक हकमा अवरोध सृजना भएको आयोगले जनाएको छ ।

कम उमेरमै विवाह गर्दा विवाहपछि किशोरीले समयमै नागरिकता प्रमाणपत्र पहुँच स्थापित गर्न सकस परेको प्रतिवेदनमा उल्लेख छ । यसले गर्दा आवश्यक परेपछि मात्र नागरिकता बनाउने परिस्थितिको



निर्माण भएको जनाइएको छ । आयोगले मकवानपुरको राक्सिराङ गाउँपालिकामा गरेको नमूना सर्वेक्षणअनुसार करिब ९ प्रतिशत चेपाङ नागरिक नागरिकताको अधिकारबाट वञ्चित छन् । नागरिकता नहुँदा ज्येष्ठनागरिकले सामाजिक सुरक्षा भत्ता समेत नपाएको देखिएको छ ।

यसैगरी, घुम्ती शिविर मार्फत वितरण गरिएका केही नागरिकता प्रमाणपत्रमा वास्तविक उमेरभन्दा कम उमेर उल्लेख भएको पाइएको आयोगले जनाएको छ । यसका कारण कैयौं ज्येष्ठनागरिक कम उमेरकारुपमा सूचीकृत भई सामाजिक सुरक्षा कार्यक्रममा समावेश हुन नसकेको अवस्था देखिएको छ । आयोगले यो अवस्थाले दिगो विकास लक्ष्य नं. १६ अन्तर्गत सन् २०३० सम्म सबैलाई जन्मदर्ता र कानुनी पहिचान दिने लक्ष्य हासिल गर्न चेपाङ समुदायमा अझै चुनौती रहेको जनाएको छ ।

आयोगले चेपाङ समुदायको कानुनी पहिचान सुनिश्चित गर्न सम्बन्धित निकायले आवश्यक पहल गर्नुपर्नेमा जोड दिएको छ । २०७८ सालको राष्ट्रिय जनगणना अनसुार नेपालमा चेपाङको कुल जनसंख्या ८४ हजार ३ सय ६४ छ । कुल जनसंख्याको ० दशमलब २९ प्रतिशत हो । चेपाङ समदुायको कूल जनसंख्याको ९५ प्रतिशत चेपाङ चितवन, मकवानपुर, धादिङ र गोरखा जिल्लामा बसोबास गरेको पाइन्छ । यी चार जिल्ला बाहेकका अन्य जिल्लामा ५ प्रतिशत मात्रै चेपाङ बसोबास गर्छन् ।

सबैभन्दा बढी ३५ हजार ३ सय ३७ जनाको चितवन जिल्लामा बसोबास रहेको सरकारी तथ्याङमा उल्लेख छ । चितवन जिल्लाको इच्छाकामना गाउँपालिकामा १०,३३८ जना, धादिङ बेनीघाट रोराङ गाउँपालिका ११,८१५ जना, गोरखाको गण्डकी गाउँपालिकामा ३,६२४ जना र मकवानपुरको राक्सीराङ गाउँपालिकामा ११,४२७ जना गरेर जिल्लागत रुपमा रहेका यी स्थानीय तहमा सबैभन्दा बढी चेपाङको जनसंख्या देखिन्छ ।

# पहिलोपटक दूध दुहुने प्रतियोगितात्मक रियालिटी शो 'दूध' सुरु हुँदै



साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ नेपालमै पहिलोपटक पशुपालक किसानबीच दूध दुहुने प्रतियोगितात्मक रियालिटी शो 'दूध' सुरु हुने भएको छ ।

भरतपुरका व्यावसायिक पशुपालकमध्ये सहकारीमा दूध बिक्री गर्ने २० जना किसानलाई छनोट गरेर कार्यक्रम निर्माण गरिएको हो । कार्यक्रममा किसानको दूध दुहुने कौशलतासँगै पशुप्रतिको व्यवहार, आहारा व्यवस्थापन, गोठको सर सफाइ, दूधको शुद्धतालगायतका पक्षको मूल्यांकन गरिने निर्माता रविन सुवेदीले जानकारी दिए । दूधमा आत्मनिर्भर जिल्ला चितवन उन्नत गाई भित्र्याउने जिल्लाका रुपमा चिनिन्छ ।

'पशुपालनकै माध्यमबाट यसक्षेत्रका धेरै किसानले राम्रो आर्थिक उन्नति गरेका छन् । आफ्ना सन्तानलाई स्वदेश तथा विदेशका विश्वविद्यालयमा पढाउन सफल भएका छन्', सुवेदीले भने, 'ती मिहेनती किसानको सम्मानका लागि नै यो कार्यक्रम निर्माण गरिएको हो ।'

उनकाअनुसार पहिलो संस्करणप्रतिको प्रतिक्रिया हेरेर आगामी दिनमा कार्यक्रमलाई अझै वृहत् बनाउँदै लैजाने योजना छ । नयाँपुस्तालाई समेत पशुपालन गर्दाको मिहेनत र संघर्षको कथा प्रस्तुतीकरण रोचक लाग्ने छ । कार्यक्रम संयोजक गोविन्द न्यौपानेले किसानलाई 'आइडल' बनाउने उद्देश्यले शो निर्माण गरिएको बताए । 'कृषि कार्यक्रम प्राय: एउटै फर्म्याटमा सीमित भइरहेका बेला विविधीकरण सम्भव छ भन्ने सोचसहित यो प्रयास गरिएको हो', उनले भने, 'किसानको गोठमै प्राविधिक, जनप्रतिनिधि र विज्ञ लगेर गरिने यो प्रतियोगितात्मक शोले किसानबीच समन्वयको भूमिका समेत खेल्नेछ ।'

खेतीले मुख्य प्रायोजन गरेको यस कार्यक्रममा भरतपुर महानगरपालिका प्रवर्द्धककारुपमा रहेको छ । कार्यक्रमका निर्णायकमा भरतपुर महानगरपालिका वरिष्ठ कृषि अर्थविज्ञ तेजेन्द्रप्रसाद पौडेल, कृषि तथा वनविज्ञान विश्वविद्यालयका उपप्राध्यापक डा.शत्रुघन शाह, केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका उपाध्यक्ष भगीरथ तिमल्सिना तथा राष्ट्रिय गाई अनुसन्धान कार्यक्रम रामपुरका प्राविधिक अधिकृत डा. यज्ञराज पाण्डे रहेका छन् ।

# जोखिमयुक्त संरचनामा व्यवसाय नगर्न प्रशासनको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र सडक विस्तारका क्रममा भत्काइएका जोखिमयुक्त घरटहरामा व्यापार/व्यवसाय सञ्चालन नगर्न जिल्ला प्रशासन कार्यालय मकवानपुरले आग्रह गरेको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीद्वारा मंगलबार जारी सूचनाअनुसार पौष २२ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णय कार्यान्वयन गर्दै जोखिमयुक्त संरचनामा कुनैपनि प्रकारको व्यवसाय नगर्न तथा नगराउन अनुरोध गरिएको हो । सूचनामा उल्लेख गरिएअनुसार अधिकांश घर धनीले स्वेच्छिकरुपमा भत्काइएका संरचनाको व्यवस्थापन गरिसकेका छन् । तर, केही स्थानमा डोजर तथा एक्साभेटर प्रयोगका क्रममा आंशिक रुपमा भत्किएका जोखिमयुक्त घरटहरामा अझै पनि व्यापार/व्यवसाय सञ्चालन भइरहेको पाइएको प्रशासनले जनाएको छ ।

यस्ता संरचनामा व्यवसाय सञ्चालन गर्दा कामदार तथा सर्वसाधारण उपभोक्ताको सुरक्षामा गम्भीर जोखिम रहने भन्दै संरचना व्यवस्थापनका क्रममा श्रमिकको सुरक्षालाई उच्चप्राथमिकता दिन प्रशासनले आग्रह गरेको छ । जोखिमपूर्ण अवस्थामा व्यवसाय सञ्चालनबाट हुनसक्ने कुनैपनि प्रकारका विपद्जन्य घटनाको सम्पूर्ण जिम्मेवारी सम्बन्धित घरधनी तथा व्यवसायी स्वयंले वहन गर्नुपर्ने सूचनामा स्पष्ट पारिएको छ । सडक डिभिजन हेटौंडाले मंसिर २० गते रातोमाटेबाट बुद्धचोक हुँदै राती पुलसम्म तथा बुद्धचोकदेखि सामरी पुलसम्म सडक विस्तार कार्यका क्रममा सडक सीमाभित्र पर्ने घर टहरा भत्काएको थियो । सर्वोच्च अदालतको आदेशअनुसार सडक विस्तारकार्य हालका लागि स्थगित गरिएको छ ।

# कैलाशलाई सामाजिक परीक्षण तथा परियोजना हस्तान्तरण



साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ अपाङ्गताको क्षेत्रमा तीन वर्षदेखि कैलाश गाउँपालिकामा सेवा प्रदान गर्दै आइरहेको सुन्दरढोका साथी सेवाले सामाजिक परीक्षण तथा परियोजना हस्तान्तरण गरेको छ ।

मंगलबार एक कार्यक्रमका बीच संस्थाका कार्यकारी निर्देशक विजता अधिकारीले गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानलाई दस्तावेज हस्तान्तरण गरेकी हुन् । दस्तावेज ग्रहणपश्चात अध्यक्ष मुक्तानले अपाङ्गता र जीविकोपार्जन क्षेत्रमा गरिएको कार्यप्रति धन्यवाद प्रकट गरे । 'प्रस्तुत गरिएको सामाजिक परीक्षणको प्रतिवेदनले प्रष्ट देखिने काम राम्रो भएको छ' उनले भने, 'कामपश्चातले सकरात्मक आउटपुट दिने हो, त्यसलाई सरकारले कार्यान्वयन गर्नेछ । 'स्थानीय सर कारले अपाङ्गताको सवालमा काम गर्ने बताउँदै यहाँको भूगोलमा बसोबास गर्ने अपाङ्गता नागरिकप्रति हेर्ने मानिसको दृष्ट्रिकोण सकरात्मक भएको, मानिसमा सोच र विचार परिवर्तन गरेको छ' अध्यक्ष मुक्तानले भने ।

अब अपाङ्गमैत्री छात्राबासको लागि ललितपुर महानगर, कैलाश गाउँपालिका र सुन्दरढोकाको साझेदारीमा निर्माण गरिने उनले बताए । कार्यक्रममा गाउपालिका उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले सुन्दरढोकाले गरेका कार्यको प्रंशसा गर्दै आगामी दिनमा पनि सहकार्य गरिने बताए । 'पालिकाभित्र अपाङ्गता परिचय कार्ड प्रदान गरिरहेको उनले बताए । कार्डले धेरै क्षेत्रमा सहजता हुने बताउँदै यहाँका नागरिकमा अपाङ्गताको क्षेत्रमा चेतनास्तर बढाउनुपर्ने छ' उनले भने ।

संस्थाका कार्यकारी निर्देशक अधिकारीले भौगोलिक विकटताको चुनौतिका बाबजुत पनि तीनचरणमा कार्यक्रम सञ्चालन गरिएको बताइन् ।

अपाङ्गता भएका नागरिकलाई घरमै उपचार सेवाका साथै अन्य सुविधा दिइनुपर्नेमा जोड दिइन् । हामीले अपाङ्गता भएका र परिवारका सदस्यलाई सीपमूलक तालिम प्रदान गरिनुका साथै जीविकोपार्जनको क्षेत्रमा काम गरिएको बताइन् ।

अपाङ्गताका विरामीलाई उपचार गरिनुका साथै कुखुरा, बाखापालन, साना पसल व्यवसाय, ट्याक्टर, बाँसबाट निर्माण सामग्री उत्पादन तालिम, व्युटिपार्लर, सैलुन, टेलरिङलगायत क्षेत्रमा काम गरेको उनले बताइन् । कार्यक्रममा परि योजना संयोजक राम पार्कीले प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए ।

वडा ७ का वडाध्यक्ष उदासकुमार भोलन, महिला तथा बालबीलका शाखाप्रमुख रमिला सापकोटा, अपाङ्ग सहयोग सञ्जाल कैलाशका अध्यक्ष सुदीप जिम्बा लगायतले भनाई राखेका थिए । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद शर्मा कंडेल, वडा १ का वडाध्यक्ष तेजबहादुर ब्लोन, वडा ९ का अध्यक्ष भूवनसिं घलान, संस्थाका प्रतिनिधि, शाखा प्रमुखहरुको आतिथ्यता रहेको थियो ।

# मकवानपुर प्रहरीद्वारा यातायात व्यवसायीसँग अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/जिल्ला प्रहरी कार्यालय मकवानपुरले यातायात व्यवसायीसँग अन्तरक्रियाको आयोजना गरेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरको सभाहलमा सम्पन्न कार्यक्रममा मकवानपुरमा क्रियाशील सुमो व्यवसायी, टिकट काउन्टर सञ्चालक तथा चालक गरी ५० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा मकवानपुरका प्रहरी उपरीक्षक सुवासचन्द्र बोहराले सडकसुरक्षा, यात्रु अभिलेखीकरणको महत्व तथा ट्राफिक नियमको पालनासम्बन्धी विषयमा स्पष्ट पारे । उनले सवारी चालक तथा व्यवसायीलाई यात्रुको सुरक्षा पहिलो प्राथमिकता हुनुपर्ने उल्लेख गर्दै नियमको पालना गरी यात्रुलाई सुरक्षितरुपमा गन्तव्यसम्म पुऱ्याउनु सबैको साझा जिम्मेवारी भएको बताए ।

कार्यक्रममा यात्रु अभिलेखीकरणलाई प्रभावकारी बनाउने, सवारीसाधनको अवस्था, तीव्रगतिमा सवारी नचलाउने, ओभरलोड नगर्ने तथा दुर्घटना न्यूनीकरणका उपायबारे छलफल गरिएको थियो ।

कार्यक्रममा सहभागी यातायात व्यवसायीले आफ्नो समस्या, सुझाव तथा अनुभव प्रस्तुत गरेका थिए भने प्रहरी प्रशासनले सहकार्य र समन्वयलाई अझ मजबुत बनाउने प्रतिबद्धता व्यक्त गरेको थियो ।

# भीमफेदी सुमो दुर्घटनाप्रति एमाले संसदीय दल बागमतीको दु:ख व्यक्त



साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ मकवानपुरको भीमफेदी गाउँपालिका-६, जुरीखेतस्थित सडक खण्डमा पुस २० गते भएको सुमो दुर्घटनामा ६ जनाको मृत्यु तथा ३ जना गम्भीर घाइते भएको घटनाप्रति नेकपा एमाले संसदीय दल, बागमती प्रदेशले गहिरो दु:ख व्यक्त गरेको छ ।

संसदीय दलका नेता जगन्नाथ थपलियाले विज्ञप्ति जारी गर्दै दुर्घटनाले आफूलाई अत्यन्तै स्तब्ध बनाएको जनाएका छन् । दुर्घटनामा ज्यान गुमाउने सबै दिवंगतप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ भने शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरिएको छ । विज्ञप्तिमा दुर्घटनामा संलग्न सवारी साधन पुरानो रहेको तथ्य सार्वजनिक भएको उल्लेख गर्दै सवारीसाधनको अवस्था, मापदण्ड र नियमित प्राविधिक परीक्षणमा कमजोरी हुँदा यस्ता दु:खद घटना दोहोरिन सक्ने जोखिम बढेकोप्रति गम्भीर ध्यानाकर्षण गराइएको छ ।

एमाले संसदीय दलले यस्ता दुर्घटना पुन: दोहरिन नदिन सवारीसाधनको आयु निर्धारण, नियमित फिटनेस परीक्षण, सञ्चालन मापदण्ड तथा स्पष्ट समयसीमा तोकी कडाइका साथ कार्यान्वयन गर्न सम्बन्धित निकायसँग माग गरेको छ । साथै सडक सुरक्षालाई उच्चप्राथमिकतामा राखी प्रभावकारी कदम चाल्न सरकारसँग आग्रह गरिएको छ ।


## Account सम्बन्धी काम गर्ने २ जना कर्मचारी आवश्यकता

हेटौंडा बजारमा निम्न अनुसारको कर्मचारी आवश्यता भएको इच्छुकले सम्पर्क राख्नुहोला।

१. उमेर : ३० वर्ष पूरा भएको ।
२. महिला : १ जना, पुरुष: १ जना
३. कम्प्युटरमा हिसाब राख्न सक्ने अनुभवीलाई प्राथमिकता ।
४. अडिटर अफिस वा अन्य कुनै ठाउँमा Account सम्बन्धी अनुभव भएकालागि प्राथमिकता
५. तलब इन्टरभ्यू अनुसार तोकिनेछ ।

**सम्पर्क नं. ९८५५०६९९०५**

पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि.को

## १५ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना !

यस पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि. को २०८२/०८/२७ गते शनिबारको दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम १५ औ वार्षिक साधारण सभा तपशिल बमोजिम मिती, समय र स्थानमा सम्पन्न हुने भएको हुँदा यहाँहरुको गरिमामय उपस्थितिको लागि हार्दिक आमन्त्रण गर्दछौ ।

**तपशिल**

मिति : २०८२ पौष २६ गते शनिबार
समय : विहान ९:०० बजे
स्थान : श्रेष्ठ होटल "पुरानो MC Banquet" (प्रभाकर पथ )

**पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि.**



**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

## जिन्सी सामानहरूको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना !

*प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०९/२३*

यस कार्यालयको जिन्सी खातामा आम्दानी बाँधिएका एवम् जेन-जी प्रदर्शनको क्रममा आगलागी तथा तोडफोड भएका मालसामानहरु जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा लिलाम गरी बिक्री गरिने भएकोले ईच्छुक नेपाली नागरिक, संघ संस्था, फर्महरुले यो सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिन ( २०८२/०९/२५ गते) भित्र बोलपत्र खरिद गरि आफूले कबोल गर्ने मूल्य खुलाई शिलबन्दी गरी तपशिल बमोजिम हेटौंडा उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय मकवानपुरमा दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. मालसामानको विवरण : कार्यालयमा आगजनी भई चालु हालतमा नरहेको मालसामान ।
२. मालसामानको न्यूनतम मूल्य रु.१०,५०,०००।- (मू.अ.कर बाहेक) अनुमानित परिमाण ३० (तिस) टन ।
३. ईच्छुक बोलपत्रदाताले बोलपत्र फारम हेटौंडा उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय मकवानपुर बाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिनभित्र कार्यालय समयभित्र फिर्ता नहुने गरी रु १०००।- (अक्षरेपी एक हजार) मात्र । कार्यालयको राजश्व शाखामा जम्मा गरेको सक्कलै भौचर बुझाई खरिद गर्न सक्नेछ ।
४. ईच्छुक फर्मको दर्ता प्रमाण पत्र वा व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न राखी बोलपत्र फारम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।
५. लिलाममा सकार गरेको मालसमान जे जस्तो अवस्थामा छ, सोही अवस्थामा कार्यालय कम्पाउण्डबाट उपलब्ध गराईनेछ । लिलाम गरिने सामानहरुको परिमाण एकिन गरी सफल बोलपत्रदातालाई हस्तान्तरण गर्नेछ । साथै वास्तविक तौल गर्दा थपघट परिमाण निर्धारण भएमा बोलपत्रमा कबोल गरेको प्रति के.जी. दररेट अनुसार नै बोलपत्रदाताले रकम थप गर्नु पर्ने भएमा थप रकम समेत कार्यालयको बैक खातामा जम्मा गरे पछि मात्र सामान लैजाने अनुमति दिइनेछ । साथै रकम घटाउनु पर्ने भएमा पनि सोहि बमोजिम मिलान गरिने छ ।

**धरौटी जम्मा गर्ने खाताको विवरण**
**बैंक :- नेपाल बैंक लि. सिटी अफिस, हेटौंडा ।**
**खाता नं.:- ग.३.१ स्थानीय तह धरौटी खाता ००२५०३००००३००००००००१**
**खाताको नाम :- हेटौंडा उपमहानगरपालिका, धरौटी खाता**
**कार्यालय कोड :- ८०१०३३२०१**
**कार्यालय :- हेटौंडा उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय, मकवानपुर ।**

६ बोलपत्र मिति २०८२/०९/२८ गते दिनको १२.०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । सो दिन विदा परेमा भोलीपल्ट दर्ता गर्न सकिनेछ ।
७ कार्यालयमा दर्ता भएका बोलपत्रहरु मिति २०८२/०९/२८ गते दिउंसो २.०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
८ लिलाम सकार गर्ने व्यक्ति, संघ संस्था, फर्महरुले तीन दिन भित्र कबोल गरिएको सम्पूर्ण राजस्व रकम, सोमा लाग्ने १३ % मू.अ.कर रकम नेपाल बैंक लि.मा जम्मा भएको बैंक भौचर पेश गरी सामान उठाई लैजानु पर्नेछ ।

**हेटौंडा उपमहानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**हेटौडा, मकवानपुर**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना